# सङ्घीय संसद्

# राष्ट्रिय सभा

# उन्नाइसौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २०८२ माघ २३ गते

# शुक्रवार

# बैठक सङ्ख्या - ६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१९ बजे प्रारम्भ भयो।

**(१३:१९ बजे)** **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य गंगा कुमारी बेलबासे।

**(१३:१९ बजे)** **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्षज्यू, स्वास्थ्य बिमामा संलग्न भएका औषधीहरू अस्पतालमा पाइँदैन भन्ने समाचार आउँछ। स्वास्थ्य बिमा उपचार गर्न सकिदैंन भनेर अस्पतालले प्रतिक्रिया दिन्छ र सरकारले पैसा उपलब्ध गराउनका लागि मन्त्रीहरू सँग मिटिङ बस्नुहुन्छ र अहिले यो बिमाको भयावह स्थिति छ समस्या छ र यो अस्पतालमा उपचार नपाएर बिरामीहरू अलपत्र परिराखेका छन्। त्यो एउटा जनमैत्री कार्यक्रम हो र यसलाई सुचारु रूपले अगाडी बढाउनु पर्छ यसलाई वैज्ञानिक ढंगले यसलाई व्यवस्था गर्नुपर्छ र सक्नेले

तिर्ने र नसक्नेलाई छुट हुने व्यवस्थामा लैजानुपर्छ भन्ने कुरालाई राख्दै मेरो भनाइ अन्त्य गर्छु।हस् धन्यवाद।

(१३:२० बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:२० बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्ष महोदय, अहिले भारतमा चाहिँ नयाँ भाइरसको प्रवेश भएको भन्ने खबर आइरहेको छ र हाम्रो खुला सिमानाको कारणले गर्दा खेरि चाहिँ नेपालमा पनि यो प्रवेश हुन सक्छ र स्वास्थ्य मन्त्रालयले यसको व्यवस्थापनको लागि बोर्डरहरूमा चाहिँ के गरिरहेको छ जानकारी गराउन म अनुरोध गर्दछु।यसैगरी स्वास्थ्य बिमाको विषयमा सर्वसत्ताले राहत पाइरहेको विषयवस्तु र सर्वसत्ता जनताले उपयोग गरिरहेको विषयवस्तु अहिले अस्पतालहरूले र केहि सरकारले रकम नदिएको रोकिएको भन्ने इसु बनाएर बन्द गरेको समाचार बाहिर आएको छ र यो विषयमा सम्माननीय प्रधानमन्त्रीले चासो लिनु भएको भन्ने पनि सुनियो र व्यवस्थापनको लागि के भएको छ यसको जानकारी गराउनको निम्ति पनि म अनुरोध गर्छु।

(१३:२१ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य डा. बेदुराम भुसाल।

(१३:२१ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्ष महोदय, यो विभागको ऐन, २०८१ को दफा ३ मा सरकारले संसदमा..... विधेयक सुची गरि प्राथमिकता क्रम निर्धारण गरेर असार मसान्त भित्र संसदमा पेश गर्नु पर्ने भने व्यवस्था रहेको छ।यस अनुसार यो वर्षको लागि सरकारले ४२ वटा विधेयक पहिलो प्राथमिकतामा ४१ वटा विधेयक दोस्रो प्राथमिकतामा र ३८ वटा विधेयक तेस्रो प्राथमिकतामा राखेर जम्मा १२१ वटा विधेयक ल्याउ भनेर संसदको जानकारी गराएको थियो।त्यसको सुची म सँग छ १२१ वटा सुचमा छ र यस सम्बन्धमा अहिले सम्म कतिवटा विधेयकको मसौदा तयार भयो के अवस्था छ त्यसको जानकारी यो संसदलाई सरकारले गराउन भन्ने माग गर्दछु।धन्यवाद।

(१३:२३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य माया प्रसाद शर्मा।

(१३:२३ बजे) **<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, संघीय संसद पुरानो भगवान बैठक भित्र रहेका पुरानो सम्पदा सम्पत्तिको सुरक्षामा सजगता अपनाएर मात्र पुनर्निर्माणको कार्य गर्न पुनर्निर्माणको काम गर्दा भगवान संरचनाको सुरक्षा गर्न भनिएको थियो त्यसको अवस्था के छ। अर्को तिर २०८२ पुष १६ गते नयाँ संसद भवन निर्माण भइ हस्तान्तरण गर्ने भनेर भन्ने थियो त्यो भवन निर्माण भएको छ कि छैन त्यसको अवस्था के छ हस्तान्तरण कहिले हुन्छ पुष १६ गते आएको छ कि छैन सम्माननीय अध्यक्ष मार्फत सरकारको ध्यान आउन चाहन्छु। धन्यवाद।

(१३:२३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य सुमित्रा वि.सी।

(१३:२४ बजे) **<u>माननीय श्री सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत म यो सरकारलाई सोध्न चाहन्छु यो सरकार ६ महिना भित्रमा चुनाव गराइसक्ने भन्ने उद्देश्यका साथ स्थापित भएको छ र यसको भाषा अलिकति कहिलेकाहीँ दुई चरणको चुनाव बनाउने र कहिलेकाहीँ अलि ढिला पनि हुन सक्छ पर सर्न सक्छ भन्ने कुराहरू सरकारका प्रधानमन्त्रीले नै भन्ने गरेकोले यो निष्पक्ष र स्वच्छ चुनाव भयरहित चुनाव छिटो छरितो ढंगले सम्पन्न गर्नका निम्ति एकैचोटि चुनाव गराउनका निम्ति म सरकारसँग माग गर्न चाहन्छु र यो जहाँ असुरक्षा छ अहिले असुरक्षा छ त्यसको सुरक्षाको पनि ग्यारेन्टी दिनका लागि म अनुरोध गर्दछु। धन्यवाद।

(१३:२५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य माया प्रसाद शर्मा समय १२ मिनेट यसपछि माननीय सदस्य आनन्द प्रसाद ढुंगाना।

(१३:२५ बजे) **<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, बैतडीको पुर्चौडीबाट बझाङ् तर्फ गइरहेको जन्तीबोकेको बस बडो गाउँमा दुर्घटना हुँदा करिब १३ जनाको दुःखद निधन भएको खबर प्राप्त भएको छ। ४५ जना घाइते भएकोमा

उपचारको लागि कोटिला स्वास्थ्य चौकी लगायत विभिन्न ठाउँहरूमा लिएको सूचना छ। दुर्घटनामा परेर घटनास्थल वा उपचारको क्रममा ज्यान गुमाउनु हुने ४० वर्षिय केशवराज जोशी, १३ वर्षिय अशोक राज जोशी, ३५ वर्षिय बसन्त जोशी, ४१ वर्षिय बिष्णु दत्त जोशी, ४२ वर्षिय नरेन्द्र राज जोशी, १८ वर्षिय किशन दत्त जोशी, २७ वर्षिय दिपक राज जोशी, ४५ वर्षिय किशन दत्त जोशी, ६० वर्षिय मोहनदेव भट्ट, केशव जंग भट्ट, ४० वर्षिय बसन्तराज रतला र बैतडीको ४० वर्षिय पुष्पा अवस्ती र १४ वर्षिय किशोर सुनिल जोशी भएको खबर छ दिवंगत प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्छु र घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्छु। घाइतेहरूको उपचार अन्य सहयोगको लागि सम्माननीय अध्यक्ष मार्फत सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु। सम्माननीय अध्यक्ष महोदय पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईका ९७ वर्षिय बुवा भोजराज भट्टराईको निधन प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्छु। डा. बाबुराम भट्टराई, शिव भट्टराई, पूर्व मन्त्री हिसिला यमी लगायत सबै परिवारका सदस्यहरूमा गहिरो समावेदना व्यक्त गर्दछु।

अध्यक्ष महोदय, २०८० साल कार्तिक १७ गते जाजरकोट जिल्लाको बारेकोट केन्द्रबिन्दु भएर गएको भूकम्पका बारेमा  ढिलाई भएको स्थितिमा हाम्रो समितिले ०८१ साल जेष्ठ २४ गते देखि २७ गते सम्म जाजरकोट रुकुम पश्चिम र सल्यान जिल्लाहरूमा अनुगमन गरेर एउटा प्रतिवेदन पेश गरेको थियो। त्यस उपर अहिलेसम्म कुनै पनि काम अगाडि बढेको स्थिति छैन। धेरै हिउँद गइसके बर्खा पनि धेरै गयो त्यहाँका जनताहरू अहिले पनि टहरामुनि बस्नुपर्ने एकदम कष्टपूर्ण जीवन यापन गर्नुपर्ने स्थिति छ। पुनर्निर्माण र पुनस्थापना किन ढिला भैराखेको छ र पूर्ववर्ती सरकारले  पहिलो सुरुवात गर्दा दुई किस्तामा रकम दिएको थियो टहरा बनाउनका लागि त्यसपछि सरकार फेरियो। सरकार फेरिसकेपछि पनि सम्माननीय त्यतिबेलाको प्रधानमन्त्रीज्यूले नै के भन्नुभयो भने यो त धेरै संख्यामा आज आयो। अब त्यसपछि गएर धेरै संख्या आउनका कारण के हुन् भनेर आज आशंका व्यक्त गर्नुभयो र त्यसमा धेरै संख्या आउनुपर्ने पहिले भूकम्प पराकम्भहरु गैकेपछि पनि धेरै क्षति हुने स्थिति पहाडका घर जाजरकोटका घर सुविधा सम्पन्न ठाउँमा छैनन्। त्यहाँ माटोले ढुंगाले बनेका छन्। तिनिहरू बिस्तारै मकिने चर्किने र बस्न नलायक हुने स्थितिका बीचबाट थपिन गएको स्थिति हो। त्यसलाई पछि पनि बारम्बार छलफल गर्दा बहस गर्दा सदनबाट उठाउँदा र सरोकारवालाहरुसँग छलफल गर्दा पनि अहिले सम्म कुनै पनि त्यसबारे सोचाई चिन्ता चासो र पहल कदमी कतै पनि छैन। म अध्यक्ष मार्फत मन्त्रीज्यूहरूलाई विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु कि यसका बारेमा छिटो छरितो र यसको समस्यालाई हल गर्न तिर लागोस भन्ने चाहन्छु।

यो डिडिए गर्ने भनेर भन्नेछ डिडिए गर्ने यो कस्तो प्रावधान हो यसले धेरै चिजहरु अप्ठ्यारो पारिराखेको स्थिति छ र पुनर्निर्माणमा सहयोग भन्दा असहयोग तिर बढी जोड गरिराखेको छ। यो कसरी नापजाँच भएको हो यी सबै कुराहरूलाई भने अलिकता गहिरो ढंगले अध्ययन गर्नुपर्ने देखिन्छ। सम्माननीय अध्यक्ष महोदय, २०८२ मंसिर १४ गते देखि १८ गते सम्म हामी सुदुरपश्चिमको एउटा अन्तर विभिन्न जिल्लाहरूमा एउटा हाम्रो समितिको तर्फबाट अध्ययन अनुगमन र उसका हिसाबले हामी त्यहाँ गएका थियौ। त्यहाँ केहि ठाउँहरूमा विभिन्न अध्ययनहरू छलफलहरू भए प्रदेश सँग छलफल भयो त्यसपछि गएर विभिन्न धार्मिक स्थलहरूमा छलफलहरू भए। महाकाली करिडोर अहिले सम्म पनि अल्पत्र परिरको स्थिति छ। त्यहाँका जनताको उसका हिसाबले हेर्ने हो भने महाकाली करिडोर तल कन्चनपुर देखि लिएर त्यहाँ कतै बाधा अर्चन भैराखेको जग्गा जमिनमा समस्या भएको दार्चुला देखि माथिलाई नै महाकाली करिडोर भनेर अलि छिटो छरितो बनाउन सकिन्छ कि भनेर भन्ने इच्छा आकांक्षा रुचि थियो। त्यस्तै प्रकारको उम्मेदबारे हामीले पुराततत्वसँग सम्बन्धित विषयहरु छ त्यसको अध्ययन गर्यौं। त्यहाँ छरपष्ट ढंगले रहेका चीजहरू सामग्रीहरु छन् त्यसको संरक्षण कसरी गर्न सकिन्छ स्थानीय तहसँग पनि हामीले छलफल गऱ्यौ त्यहाँका समसमस्याहरु विकास निर्माणसँग त्यसको सरोकार राख्ने विषयहरुसँग पनि केही विषयहरू उठेका छन्। त्यस्तै गरेर पूर्वको हामीले पनि उसको हामी विभिन्न उसमा ०८२ पुष १३ गते देखि १८ गते सम्म हामीले पूर्व कोशी प्रदेशमा पनि हामीले त्यहाँ कोशी प्रदेशको प्रदेश सभासँग हामीले छलफल सफल गरि तिन चार वटा तीन वटा विशेष गरेर पाथिभारा सँग उसको सम्बन्धित विषय यता भोजपुरको अरुण गाउँपालिका लगायतका हामीले तिन चार वटा गाउँपालिकाहरुसँग भेट छलफल र अन्तरक्रिया गरेका थियौ र त्यहाँ पनि विभिन्न प्रकारका बराक्षेत्र, बुढासुब्बबा, दन्तकाली, पिण्डेश्वर धाम, अवलोकन किचबद्ध पाथिभारा हलेसी मन्दिर लगायतका ठाउँहरुमा पनि पुराततत्वसँग सरोकार राख्ने विषयहरुसँग हामीले छलफल अवगलोकन गरेको स्थिति हो। त्यहाँ हेर्दा खेरि विभिन्न प्रकारको जनताका आकांक्षा इच्छा र चाहना फरक फरक अवश्य पनि छन् तर भन्न खोजेको कुरा के हो भने संघीय सरकार प्रदेश सरकार र स्थानीय तहको बचको समन्वय कसरी गर्ने त्यसका विकास निर्माणहरु अल्पत्र परेका छन् रोकिएका छन् एकले अर्कालाई आरोप र प्रत्यारोप लगाउछ तर त्यहाँ काम भएको छैन। यसलाई समायोजन समन्वय कसरी गर्ने सहकार्य कसरी अगाडी बढाउने भन्ने विषयहरु उठिराखेको को स्थिति छ राष्ट्रिय सभा प्रति प्रश्न उठिराखेको बेला हामीले गरेको छलफलले राष्ट्रिय सभा जीवित छ एउटा प्रभावकारी छ र सरकारले त्यसपति सकारात्मक सोचाई बुझाई राखेको छ भन्ने छ र अहिले सम्म हामीले यहाँ छलफल गरिराखेका छौ जनताका कुराहरु हामीले मुखरित गरिराखेका छौ सरकारलाई सुझाव र सल्लाह निर्देशन दिने काम गरिराखेका छौ समितिहरु चलाइराखेका छौ चलिराखेको छ। यसकारण बिस्तारै यसको

लयलमा आउने कुरा त स्वभाविक छ अब पछाडी अब कसरी जान्छ हैन यी विषयहरुमा पनि सरकारले विशेष ध्यान दिन जरुरी ठानेको छु यो मध्य पहाडी लोकमार्गको २०६४/०६५ देखि सुरु भएको पूर्वको उसको सिचुवा भन्ज्याङ बाटो बैतडीको झुलाघाट जोड्ने लोकमार्ग हो यो मध्य पहाडीका जनताहरुलाई बेसी प्रभावकारी बनाउँछ। यसले धेरै चिजहरूलाई सजिलो छरितो बनाइराखेको स्थिति छ। तर यसलाई पुरा गर्नका निमित्त कतै न कतै अवरोधहरु छ यो उसको रामेछाप देखि यतातिरको उता उसको रुकुम पश्चिम र जाजरकोट जिल्ला जोड्ने पुल त्यो विशेष गरेर त्यो उसको हिसाबले हेर्ने हो भने ०६९ बाट सुरु भएको पुल हो अहिले सम्म त्यो पुल निर्माण भएको स्थिति छैन। त्यो केले रोकेको छ पटक पटक त्यहाँ जादा सोध्दा छलफल गर्दा टेन्डर हाल्छौ त्यो सुरुवात हुन्छ टेन्डर परेको छैन कसैले हाल्दैनन् भनेर भन्ने विषयहरु उठ्छ। त्यो बढी महत्वको विषय भएका कारणले यो धेरै पटक धेरै पटक सुनाउने काम भयो।

यो मध्य पहाडी पुष्पलाल लोकमार्ग जस्तो छ यसको कसरी व्यवस्थापन हुन सकिन्छ यो कुरामा पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ। र सरकारले अहिले विकास योजना संग सम्बन्धित विषयहरु कटौती गरेको छ। यो कति गर्नु पर्थ्यो सरकारको काम भनेको विकास निर्माण गर्ने नै हो अनियमित भएको खण्डमा त्यसलाई नियन्त्रण गर्ने हो खबरदारी गर्ने हो कारबाही गर्ने हो कानुन भन्दा बाहिर गएपछि त्यसलाई नियन्त्रण गर्ने हो तर सबै उसका राष्ट्रिय गौरवका योजनाहरूको कटौती गरेर पनि अहिले थप्प भएको देश नै थप्प भएको स्थिति छ। यसलाई निर्वाचन भए केहि पनि गर्नु हुन्न भन्ने तिर सरकार पनि जानु हुन्न। यसमा विशेष सोच्नु पर्छ र जुन प्रकारका राष्ट्रिय गौरवका रेल्वे पेट्रोहरु, भौतिक पूर्वाधार यातायातहरु, पुष्पलाल लोकमार्ग भनिहाले उत्तर दक्षिण कोशी करिडोर, दक्षिण कालीगण्डकी करिडोर, यी काठमाडौं तराई दुध मार्ग, सिक्टा सिचाई योजना, बवै सिचाई योजना, रानी जमरा कुलरिया, सुनकोशी भेरी डाइभर्सन, महाकाली माथिल्लो कोशी, तामाकोशी बुढीगण्डकी लगायतका जुन प्रकार पश्चिम सेती लगायतका यिनी गौतमबुद्ध विमानस्थल पोखरा क्षेत्रियबिमान स्थलहरू पनि अल्पत्र अल्पत्र परेको जस्तो अपुक अपुक भएको जस्तो छ। यी राष्ट्रिय गौरवका विषयहरुलाई अलिकति सोचेर यसलाई अगाडी बढाउनु पर्छ होला जस्तो मलाई लाग्छ यसमा विशेष सरकारले ध्यान दियोस। र अर्को हामीले यसको छनोट गर्दा पनि हामीले केहि सोच्नु पर्छ जस्तै मध्य पहाडी लोकमार्ग अन्तर्गत १० वटा सहर निर्माण गर्ने भनेर भन्ने थियो तिनी १० वटा सहर कहि पनि अहिले सम्म निर्माण भएको स्थिति छैन मैले कर्णाली प्रदेश तिर हेरे भने कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्दा खेरि कर्णाली प्रदेशको चौरजारी, रुकुम पश्चिम चौरजारी र दैलेको राकम हो र उता सापेबगर हो उता सुदुर पश्चिमको उता पाटन हो यिनी चार वटा उता पूर्व पश्चिम

तिरको हेर्दा खेरि कहि पनि सुरुवाती भएको स्थिति छैन। चौरदारीमा केहि अलि थोर थोरै काम भए पनि अन्यत्र कतै काम पनि भएको स्थिति देखिदैन। यसकारण त्यतातिर अलिकता ध्यान दिनुपर्छ कि भनेर भन्ने देखिन्छ।

अब निर्वाचन आयो निष्पक्ष होस् धाद्धली रहित होस् शान्तिपूर्ण तरिकाले गर्न सजिलो गर्नुपर्छ तर राजनीतिक पार्टीहरुले पेश गर्दा विभिन्न प्रकारका गाली गलोज हैन तछार मच्छारको कुरा भन्दा सैदधान्तिक आधारमा हाम्रा आफ्ना कुरा के हुन् स्पष्ट हाम्रो आफ्नो दृष्टिकोण के हो समाजवाद हो कि जनवाद हो कि लोकतन्त्र हो कि के हो आफ्नो स्पष्ट दृष्टिकोण राखेपछि जनतालाई बुझाउन सजिलो हुन्छ। फेसबुकमा जे पायो उही लेख्या छ गालीगलोज गर्या छ तथानाम गऱ्या छ। यसले असिस्ट निर्माण गर्ने यसले पुरा एउटा दृष्टिकोणमा गलत हुने स्थिति देखिन्छ। वर्गीय दृष्टिकोण यो कसको पक्षमा हामी काम गर्दै छौं यस्तो राष्ट्रियता जनजीवन र जनपरिवर्तनको दृष्टिकोण के हो यसो कार्यक्रम र नीति सिद्धान्तको हामी कसरी प्रतिपादन गरेया छौं र कसरी लागु गरिराख्या छौं तत्कालिन राजनीतिक कार्य दिशा के हो सत्ता संघर्ष र सहकार्यको नीति के हो ? जनआन्दोलन र वर्गीय संसदीय भूमिकामा हाम्रो आफ्नो तालमेल भूमिका के हुन्छ ? यावत् कुराहरू छन्। यी यावत् कुराहरूमा आफूलाई केन्द्रित बनाएर केन्द्रबिन्दु बनाएर राख्दा उपयुक्त हुन्छ। केवल स्टनबाजीका कारणले मात्र न चुनाव सार्थक बन्न जान्छ न जनताले त्यसलाई सजिलो ढंगले बुझ्न जान्छन् न कुनै किसिमको हुन्छ। अरुलाई गाली गरेपछि पुरानो नयाँ युवा प्रोड कोहि पनि एउटै दृष्टिकोणबाट बन्दैन। प्रोड पनि खराब हुन सक्छ नयाँ पनि खराब हुन सक्छ। यो दृष्टिकोणका आधारमा विचारका आधारमा राजनीतिक दृष्टिकोणका आधारमा बन्ने कुरा हो। उसको सोचाई बुझाई र गराई क्रियाकलापका आधारमा बन्ने कुरा हो। नयाँ भएपछि सबै राम्रो पुरानो भए सबै गलत भन्ने जो परिभाषा जनतामा लिने गरिएको छ यो खराब चिज हो खराब नियतबाट हुन्छ। त्यस्तै चिजहरु हाम्रीले हेर्दै गयौ भने नयाँ आज भासिदै गएको पुरानो बन्दै गएको बाजा राम्रो नाती नराम्रो नाती राम्रो बाजा नराम्रो यस्तो भैरा छ नि हामीसँग जे छ यो कुरा ध्यान दिनुपर्छ। धन्यवाद।

**(१३:२९ बजे)** <u>**पीठासीन**</u>: माननीय उपाध्यक्ष श्री विमला घिमिरे।

**(१३:३७ बजे)** <u>**सम्माननीय अध्यक्ष**</u> **:-** माननीय सदस्य आनन्द प्रसाद ढुंगाना समय २३ मिनेट यसपछाडि माननीय सदस्य रुकमिणी कोइराला।

(१३:३८ बजे) **<u>माननीय श्री आनन्द प्रसाद ढुंगाना (नेपाली काङ्ग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज म अहिलेको देशको परिस्थितिको बारेमा केहि आफ्ना कुराहरु  प्रस्तुतमा राख्न चाहन्छु। सबभन्दा पहिले त हाम्रै यसै राष्ट्रिय सभाका माननीय सदस्य बलदेव बोहराजीको असामयिक निधन भएकोमा म उहा प्रति शोक प्रकट गर्छु र उहाँका परिवारहरू प्रति गहिरो समवेदना प्रकट गर्छु। त्यसपछि म पहिलो चोटी यो १९ अधिवेशनमा बोल्दै छु। १८औ अधिवेशन हामीले राम्रो गर्छौं भनेर सोचेका थियौ तर अन्त्य उसको राम्रो भएन। त्यो साच्चै भन्ने हो भने अब यो अधिवेशन चाहिँ नि गरेर सफलतापर्वक हामी अगाडि बढौं अगाडि बढोस् र यसले राम्रो परिणाम यो राष्ट्रलाई देओस् भन्ने म शुभकामना व्यक्त गर्न चाहन्छु। मैले अघिनै यहाँहरूलाई लाई कुरा भनिसके। जेनजी आन्दोलनको २३ र २४ गते मैले यसलाई पनि दुई भागमा हेरेको छु। २३ गते चाहिँ नि गएर जिनजी आन्दोलनले जुन कुराहरू राखेका थिए। सुशासन, भ्रष्टाचार र चाहिँ नि गरेर सामाजिक सञ्जालको कुरा यो कहि न कहि भ्रष्टाचारका बारेमा हामीले पनि बोलेकै छौं। भ्रष्टाचारका बारेमा हामीले पनि यो सदनमा नराखेका होइनौ तर के हो भने मैले के देखे भने भ्रष्टाचार सुशासनको कुरा गर्नु नराम्रो कुरा होइन। त्यो जेनजीहरुले उठाएको कुराहरू पनि राम्रो हो तर त्यसलाई जुन किसिमबाट प्रयोग गरियो त्यो चाहिने गएर कहि न कहि यो देश यो राष्ट्र लाई नै कता पुऱ्याउने हो त्यो ठाउँमा पुऱ्याइयो जस्तो मलाई लाग्छ।

जेनजीको नाममा ति बालबच्चालाई ल्याएर केटाकेटीको ढाल बनाएर अनि बारबाराहरूले जुन किसिमबाट टओबीको ज्याकेट लगाएर स्यालेन्सर खोलेर निषेधि ठाउँ तोडेर र संसद जलाउन गएको होइन र संसद जलाएको होइन र त्यसैले म के भन्ने गर्छु भने जेनजीले उठाएका कुराहरू सहि थिए राम्रा थिए तर त्यसको प्रयोग कसरी भएको त्यसलाई कसले प्रयोग गऱ्यो मैले भन्ने गरेको छु। बारबारा भन्या के हो टओबी भन्या के हो टओबीलाई आफ्नो देश चाहियो भने त्यही गरेर लडाई हुन्छ नि त हामीले पनि प्रजातन्त्रको लागि लामो समय सम्म संघर्ष गऱ्यौ हामी जहाँ बस्यौ त्यहाँ हामीले त्यहाँ जलाएनौ यहाँ उनलाई जलाउने अधिकार छैन नेपाललाई उनले आफ्नै देशमा गएर खोजे हुन्छ आफ्नो देशको स्वतन्त्रता आफ्नो देशमा गएर नखोज्ने अनि नेपालमा आएर तपाइको नेपालीलाई नेपाल भूमिलाई रणभूमि बनाउन खोज्ने नेपाललाई चाहिँने गएर तपाईको सिध्याउन खोज्ने म त के भन्छु भने अहिले जुन किसिमको यो घटना घट्यो यो देशको विघटनको अवस्थामा पुऱ्याउने ठिक छ सिंहदरबारमा सरकार थियो होला। सरकारले कहि गल्ती गरेको थियो होला। त्यसैले सिंहदरबार पनि जलायो। अदालत त्यसले के गरेको थियो हो कसै कसैको मुद्दा हराइदिएको थियो होला। त्यसले त्यसको रिस थियो होला। त्यसले ले पनि जलाए होला। तर भ्रष्टाचारको विरोधमा यदि आन्दोलन थियो भने अख्तियारमा के को फाइल थियो

भ्रष्टाचारको फाइल थियो। अख्तियारमा त्यो फाइलहरूबाट जुन अख्तियारलाई चाहिँने बलियो बनाइयो त्यही गृहमन्त्री जेल बस्यो। त्यही विशेष अदालतले जेलको फैसला गऱ्यो। त्यो अख्तियारलाई किन जाइयो त्यो विषयलाई किन जाइयो किन जाइयो भने यहाँ तपाइको सुशासन र भ्रष्टाचारलाई रोक्नका लागि गरिएको आन्दोलन थिएन देशलाई सिध्याउनको लागि गरेको आन्दोलन थियो।

संसारमा धेरै ठाउँमा अब अहिले भाष्य गरि उठाइएको छ। पुरानो र नयाँ केलाई भन्छन् पुरानो केलाई भन्छन् नयाँ संसारका धेरै राष्ट्रहरूमा चीनको प्रकृति जसले गर्यो त्यसको उमेर ७८ वर्षको थियो। आज चीन जहाँ अर्थतन्त्रमा बलियो बनेको छ। हिन्दुस्तानमा मनमोहन सिंह कति वर्षको उमेरको थियो त्यसैले यहाँ पुरानो नयाँ कुरा होइन यहाँ उमेरको कुरा होइन। यहाँ तपाईको चाहिँने गर इमानदारीको कुरा हो। यहाँ राष्ट्रियता कुरा हो। मैले त राष्ट्रियता कमजोर देखेको छु। यो देशमा ८० वर्ष सम्म जुन नेपाली काङ्ग्रेसले राष्ट्रियताका लागि प्रजातन्त्रको लागि लड्यो जुन नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू फाँसीमा चढे जुन नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू गोली खाए देशमा मात्र होइन हिन्दुस्तानमा पनि सोपसाह कोइराला र चाहिँने गरेर तेज बहादुर अहमतालाई गोली मारेको छ। प्रजातन्त्रको कुरा गर्दै गर्दा राष्ट्रको कुरा गर्दै गर्दा मलाई याद छ बिपी कोइराला भन्ने गर्नुहुन्थ्यो यदि मैले प्रजातन्त्रको मात्रै कुरा गरेको भए पनि सत्ता पुष्टिगत हुने थिएन मैले यदि राष्ट्र कुरा गरेको भए पनि सत्ता पुष्टिगत हुने थिएन मैले राष्ट्रियता प्रजातन्त्रको कुरा एकै पल्ट उठाए त्यसैले यो अवस्था भएको किन यो देशका सामन्तीहरू किन यो देशका तपाइको म बिग हाउसे भन्ने गर्छु जसले रानाबाट बृद्धा पाएका थिए राजाबाट हुक्मी जग्गा पाएका थिए ती सबै शक्तिहरू प्रजातन्त्रको विरोधमा लोकतन्त्रको विरोधमा यो नेपाली जनताको हितको विरोधमा उभिए किनभने नेपाली काङ्ग्रेसले ७ सालमा तीनटा कुरा एकै पल्ट उठायो एकतन्त्र शासन एउटै जहानिया शासनलाई तोड्यो एउटै परिवारको शासन देशमा त्यसलाई तोड्यो दोस्रो सबैको चाहिने गएर भूमिको कुरा गऱ्यो। २०१६ सालमा बिपी कोइरालाले वृद्धता  प्रस्ताव पास गराउनु भयो संसदबाट तर अहिले सञ्जालमा हेर्नुस् राजा महेन्द्रले पास गराएको भन्ने भन्छ यी सब कुरा झुठा कुराहरू गलत कुराहरू हामीलाई पखेर हाम्रा केटाकेटीमा पुऱ्याएर गलत चाहिने परिणामहरू पुऱ्याउन कोसिस गरिन्छ। अनि हामी रुदिवादी समाजमा जन्मेका मान्छेहरू अहिले पनि तपाई जानुस् सुरुवाल नखोलिकन धोति नखोलिकन भान्सा पस्दैन। यहीं जानुस् न तपाई जानेको ३२ पुतलीमा ती पुराना परिवारका मान्छेहरूको भान्सामा धोती खोलेर बस्नुपर्छ। त्यसैले म गर्छु तीनटा परिवर्तन एकै टुक्र गर्न खोज्यो काङ्ग्रेसले त्यसै कारणले काङ्ग्रेसको बिचमा सम्पूर्ण सामन्तीहरू सम्पूर्ण रुदिवादी समाजहरू सम्पूर्ण तपाइको आर्थिक कारोबारको गलत गर्ने मान्छेहरू उभिए। जसले गर्दाखेरि आज देश यो अवस्थामा

पुऱ्याएको हो। यो देश रहन्छ कि रहँदैन आज हामी राष्ट्रिय सभामा उभिएर कुरा गर्दै गर्दा देशका बारेमा कुरा उठाउँदै गर्दा हामीले भन्न सक्नुपर्छ। राष्ट्रियता प्रजातन्त्रको कुरा गर्ने, राष्ट्र रहेन तपाईको लोकतन्त्र कुरा गर्ने, राष्ट्र रहेन संघीय लोकतान्त्रिक गणतान्त्रिक सम्बन्ध राख्ने, राष्ट्र रहेन भने तपाई कहाँ चाहिन गर्नुहुन्छ। आज सिक्किम छैन ..... कहाँ पुऱ्याउँछ त्यहिँ नै पुऱ्याउँ अब कहाँ चाहिन्छ त प्रजातन्त्र त्यसैले म भन्न चाहन्छु, म आग्रह गर्न चाहन्छु।

म राष्ट्रको बारेमा पनि चाहिने गरेर प्रस्ट रुपमा राख्न चाहन्छु। यो देशलाई बचाउने हो भने यो देशका राष्ट्रवादी शक्तिहरू एक ठाउँ उभिनु पर्ने अवस्था उभिएको छ आएको छ। नभए हामीले होइन राष्ट्रिय सभामा तिलगंगा युनिभर्सिटी पास गरेको तेलगंगा युनिभर्सिटीको चीफ को रहेछ मैले भनेको थिए त्यहाँ पनि कि चाहिने गएर यो तिलगंगा युनिभर्सिटी पास गराउनका लागि यस्तो इन्फ्रास्ट्रक्चर छ। हामीले बहुदल आइसकेपछि सबै विकास क्षेत्रमा एउटा युनिभर्सिटी हुनुपर्छ भनेर भन्यौ। पूर्वाञ्चलमा युनिभर्सिटी खोलियो कागज माग्यो जग्गा छैन कहाँ खोल्ने ठाउँ कहाँ भवन कहाँ बन्ने भिसी कहाँ बस्ने कर्मचारी कहाँ बस्ने मलाई गिरजा प्रसादकोइराला प्राइममिनिस्टर हुनुहुन्छ। मलाई बोलाएर भन्नुभ आनन्द जी त्यो गोठ गाउँको जग्गा ०३६ सालमा हरियो वन दुगरको धन हरियो वनको धन नेपालको धन जो भन्छ नि दुगरको धन र निर्लज्जताको लागि बेचेको जंगल हो। त्यो जंगलमा मैले चाहिने गरेर सबैलाई सोधेर बसाएर गरेर तपाइको जानेर मैले आफ्नो श्रीमतीको नाममा पनि होइन गिरजा प्रसादको छोरीको नाममा पनि गरेको होइन। जनताको नाममा गरि दिएको छु। आज त्यहाँ युनिभर्सिटी छन् तर त्यति खेर युनिभर्सिटी खोल्नका लागि मैले ५० पटक भने खोइ इन्फ्रास्ट्रक्चर कहाँ खोल्ने त्यो ५ रोपनी १० रोपनी १५ रोपनी भएको चाहिने गरेर पशुपतिधमको छेउमा त्यसैले के हो भने दखि अब हामी बिस्तारै हेर्दै छौं कि यो देश कहाँ पुऱ्याउने कोसिस गरिदैं छ यो देशलाई कहाँ पुऱ्याइदै छ। नेपाली काङ्ग्रेस सिध्याइयो नेपाली काङ्ग्रेस र लोकतान्त्रिक पार्टी एउटा राष्ट्रवादी पार्टीलाई सिध्याइयो अब अर्को राष्ट्रवादी पार्टीलाई सिध्याउनको लागि पनि एमालेलाई कोसिस गरिदैं छ। बालेन शाहको ठाकथोर हो महोत्तरीको ३ नम्बर एकडरा उहाँबाट चुनाव लड्नु भएको भए त्यहाँ निश्चित उहाँ जित्तिहुन्थ्यो। शुद्धि शुद्धि जित्नुहुन्थ्यो। काठमाडौंमा पनि उहाँ जित्नुहुन्थ्यो होला तर उहाँलाई त्यही झापाको पाटमा किन पुऱ्याइयो कसैले पुऱ्याएको हो। उ गएको होइन एउटा कुरा बुझ्नुस जब सम्म राष्ट्रिय शक्तिलाई यहाँ समाप्त गरिदैन तब सम्म विदेशी शक्तिले चलखेल गर्न पाउँदैन हामीले हाम्रा छिमेकी राष्ट्र भारत र नेपाल समदुरीको आधारमा असंलग्न परिस्थितिको आधारमा हामीले आफ्ना छिमेकीहरूसँग सम्बन्ध राखेका थियौ र छौं। आज के भैराख्या छ ? कसले गरिराख्या छ किन यस्तो भैराख्या छ भोलि देशमा कुनै परराष्ट्र

शक्तिलाई बचाउँछ। हामीले त सँधै राष्ट्रवादी शक्ति भनेर भनियो। राष्ट्रिय तत्व भने भनियो। कलाई ल्याउनका लागि कसैलाई बचाउनका लागि त्यसैले म आग्रह गर्न चाहन्छु कि यो जुन परिस्थिति तपाईको चाहिने गरेर जेनजी आन्दोलनले यहाँ तयार गरेको छ त्यो राम्रो छैन।

सिंहदरबार जलायो के नेपालीको मुटु रोएको छैन, सर्वोच्च जलायो मुटु रोएको छैन त्यसैले म के भन्न चाहन्छु भने यो परिस्थिति आउनमा कहि न कहि तपाइको विदेशी शक्तिको हात छ म प्रश्न भनेर जान्छु। कृष्ण प्रसाद भट्टराई लाई जसले तपाईको चाहिने गएर सुराई र छाता बोकेर प्रधानमन्त्रीको तपाईको निवासमा गयो र त्यही छाता सुराई बोकेर जाने गरेर बाहिर आयो भ्रष्टाचारी थियो। त्यसको आश्रम किन जलाउनु परेको ? कलेज जलाएको किन जलाएको कृष्ण प्रसाद कोइराला जसको लागि राणाले सम्पत्ति चाहिने गरेर सिद्ध गऱ्यो गरेर देश निकाला गर्दियो। देश निकाला गरेर विदेशमा बस्दा खेरि पनि उनले त्यो राणाको उसलाई स्वीकार गरेन। त्यो सिराहाको मारबाट गरिब नेपालीको टोपी र भोटो प्याक गरेर राणाको दरबारमा पठाए बापतमा देश निकाला भएको होइन तिनको घर जलाई विराटनगरमा गणेशमान सिंह जसलाई प्रधानमन्त्रीले भन्दा पनि प्रधानमन्त्री स्वीकार गरेन। हैन काल म होइन किस्मत धपटलाई बुझेको छ यसैलाई बनाउनुस भने भन्यो। त्यो चाक्सीबारी हामी पञ्चायत कालमा कहि बस्न नपाए पनि त्यहाँ हामी बस्न पाउथ्यौ। त्यहाँ हामी आफ्ना कुरा गर्न पाउथ्यौ। त्यहाँ प्रजातन्त्र लोकतन्त्रको बारेमा छलफल गर्न पाउथ्यौ। त्यो चाक्सीबारी जलाउने किन के गरेया थियो गणेशमानजीले त्यसैले के हो भने दखिन यी सबै परिस्थितिहरू मैले के बुझेको छु भने मैले म धेरै अध्ययन गरे धेरै कोसिस गरे। कहि न कहि तपाइको झनै विदेशी शक्तिहरू हाम्रो देशमा तपाईको हाम्रो देशलाई सिध्याउने यहाँको लोकतन्त्र सिध्याउने कोसिस भए छ। त्यसैले अहिले हामी बडो सतर्क भएर हामीले चाहिँ गर्नुपर्छ बस्नुपर्छ भन्ने हामीलाई लागेको छ। यो निर्वाचन हाम्रा लागि महत्वपूर्ण हो। निर्वाचन भएन भने मैले आफ्नो साथीहरूको बीचमा पनि भन्ने गरेको छु के हुन्छ निर्वाचन भएन भने के हुन्छ देश अस्तबाटोमा जान्छ यहाँ युद्ध हुनसक्छ, यो अफगानिस्तान बन्न सक्छ, यो तपाइको चाहिने गरेर श्रीलंका बन्न सक्छ, हाम्रै प्रतिपक्षका नेताहरुले भनेको होइन यो बंगलादेश यहाँ हुदै छ यहाँ श्रीलंका बन्दै छ। रोस्टमबाट बोल्नु भएको हो रोस्टमबाट बोल्न मिल्छ यदि उहालाई त्यो बुझे थियो भने उहाँ त प्रतिपक्षको नेता हुनुहुन्छ नि। बसेर कडाईका साथ उहाले चाहिँने गरेर सरकारलाई सचेत गराउनु पर्दैन थियो। आज त्यो अवस्थामा आज बंगलादेशमा के भएछ आमा सुनाल बंगलादेश भन्ने शेख मुजीबुन रहमानको चाहिने गएर घरमा गएर आर्मीले मारेको छ शेख मुजीबुर रहमानलाई आज बंगलादेश कुन अवस्थामा पुगेको छ ? भोलि हामी पनि त्यही अवस्थामा पुग्न खोज्ने हामीले सतर्क हुने कि नहुने त्यसका लागि हामीले अगाडि बढेर

नेपाली जनतालाई सम्झाउने कि नसम्झाउने सामाजिक संजाल हेर्नुस् जे मन लाग्छ त्यही लेखेको छ। यो निर्वाचनमा कहि न कहि तपाइको यो निर्वाचनलाई बिथोल्ने कोसिस गर्रिंदैछ। हामी सतर्क भएन भने यो निर्वाचन हुदैन गर्न दिदैन गर्न चाहेर पनि गर्न दिदैन भनेर हुन त प्रधानमन्त्री भनिनु भएछ निर्वाचन हुन्छ एकै पल्ट हुन्छ भन्नुहुन्छ हामी पनि विश्वास गरेका छौं।

निर्वाचन हुन्छ भएर तत्व निर्वाचनमा नहुन्न दिनका लागि जसरी सामाजिक सञ्जालहरुमा आइरहेका छन् कुराहरू जसरी ताईहरूले हेर्नु भए होला फेसबुक र टिकटकमा त्यो साक्षी नै सहि कुराहरू हो। त्यसलाई खण्डन गररे निर्वाचन आयोगले कमिटी बनाएको छ। त्यसले के गर्छ निर्वाचन आयोगले हिजो भन्दै थिए आन्नदजी होइन उजुरी आएको छ। यो निर्वाचनमा बदमाशी गरेको भन्ने कुरा म छानबिन गर्दैछु। नेपाली काङ्ग्रेसको उजुरी छानबिन गर्नुभयो एक तर्फा निर्णय गर्नुभयो नि तपाईले गरेको होइन र् बोलाउनु भो बुलाउनु भएन। त्यसैले तपाई के गर्दै हुनुहुन्छ तपाईहरु कसरी हिडिरहनु भा छ तपाईको काम कसरी गइराख्या छ त हामी बुझिराखेकाछौं। अब हामीले हामीलाई बुझाउनु पर्दैन। त्यसैले म के भन्न चाहन्छु भने यस परिस्थितिमा हामी नेपाली जनताहरू जो लोकतन्त्र प्रजातन्त्रको लागि जेलमा बस्यौ आज भन्दा ५०/५५ वर्ष पहिले हामी जेल बसेका हौं। के साँच्ची नै यही दिन देख्नका लागि हामी जेल बसेका हौं। हामी जेलमा जाँदा खेरि हाम्रो बालबच्चा रहेका थिए कि थिएनन् हामी आमा रोएकी थिए कि थिनन् ए कसैलाई यो देशमा ल्याएर अरू देशको सैनिकलाई अंग्रेज बसेको जस्तो हिन्दुस्थानमा बसाउन खोजेको हो कहिले पनि नेपाल अर्का कसैको पनि देशको दास बनेको थिएन। र बन्दैन बन्न दिन्न यो रगत रहन जेलसम्म हामी बन्न दिन्न। आज देशमा जुन अवस्था सिर्जना गरिएको छ। त्यो साँच्चै भन्नु भने यो देश रहन्छ जस्तो मलाई लाग्दैन। तर हामीले छोड्न हुदैन।

अध्यक्ष महोदय, युक्रेनमा पनि जेलेन्स्की के थिए हास्य कलाकार त्यहाँ पनि नाटक गरियो। जेलेन्स्कीलाई ल्याएर बसाइयो। आज के हुँदैछ युक्रेन कहाँ जाँदैछ युक्रेन कसले त्यहाँ खेल गरिराख्याछ  हो हामी कहाँ पनि त्यही अवस्थाको सिर्जना गर्ने कोसिस गरिदैं छौं। यसले हामीले युक्रेन बनाउदिनु हुदैन। हामीले तपाईको यो राजालाई विघटन हुने अवस्थामा पुग्न दिनु हुदैन्। त्यसैले म भन्न चाहन्छु यसरी युक्रेन बनाउने कोसिस गरिएको छ भनेदखि यो राम्रो कुरा होइन। हाम्रो अर्थतन्त्र एकदम कमजोर अवस्थामा छ। नेपाल ग्रे लिस्टमा छ। अहिले पनि नेपाल ग्रे लिस्टमा निस्कनका लागि ए तपाईको महान्यायाधिवक्ताको निर्णय छ हेर्नुस् त यही हो यो जेनजीहरूले आन्दोलन गरिसकेको भनेको सरकारले यो महान्यायाधिवक्ताले निर्णय गरेको कुराहरू सहि हुन्। बहिनीहरूको दिन बेच्ने लाई छोड्ने। त्यही चाहिने गरेर सम्पत्ति शुद्धीकरण संघीय अपराध गर्नेहरूलाई ५०/५० जना जो रेड नोटिसमा छ त्यसलाई पनि

छोड्ने अनि भन्ने एकदम नाक घोकिएर हामी जेनजीबाट आको मन्त्रिमण्डल हो भने भन्ने त्यो अधिकार छैन हेर्नुस अब तपाईहरुलाई त्यसैले म अहिले पनि आग्रह गर्न चाहन्छु। अहिले पनि यो देशलाई ग्रेड लिस्टबाट बचाउने हो भने ती ५० जना माथि जुन तपाईले महान्यायाधिवक्तामार्फत तपाईको माफ गराउँदै हुनुहुन्छ रबी लामिछाने भने रबी छवि र कुनै एउटा के छ त्यो त उसमा तपाईको विदेशमा गएर बसेको छ। मैले रबी लामिछानेजी गृहमन्त्री हुनुहुन्थ्यो। उहाँले उहाँ गएर चितवनमा गएर के भन्नुभयो भने म हामीले जति चाहिने त्यो गरिसक्याछौ लोकेसन गरिसक्याछौ हामीले सरकारसँग कुरा गरेका छौं हामी केहि दिनमा ल्याइहाल्छौ। उहाँले त बताउनु भएको रहे त्यही भाग्या हो त्यहाबाट हामीले थाहा पाइसक्याछौ। त्यही भन्नु भएको हो उहाँले पत्रकारलाई त्यसैले म के भन्न चाहन्छु भने यसरी राष्ट्रलाई तपाईको अन्यायमा गर्न पाइँदैन।

नेपाली जनतालाई अन्यायमा पुऱ्याउन पाइँदैन। तपाईको के रे पुरानो र न्यायको नाममा संसारमा गोरोभाचो नयाँ कि पुरानो युनियन कसरी विघटनमा गयो त्यहाँ ..... ५० पटक बन्न गयो कि गएन हो हामी पनि के यो मलाई अस्ति एक जनालाई भन्दै थियो दाई तराईमा जान्छ पहाड पहाड त्यतातिर जान्छ रे अब बीचमा कर्णाली एक जनाले छोड्दैन रे अब कसले छोड्दैन भनेन मलाई त्यसले त्यसैले के हो भने दखिन हामी यी सबै कुराहरूको अध्ययन गरौं मनन गरौं हामी जनताबाट जितेर आएका हौं हामी जनप्रतिनिधि हौं लामो समयसम्म संघर्ष गरेका छौं भने हामीले सोच्नै पर्छ। यदि सोचेनौ भने हाहामा मैले एउटा पार्टीका नेतालाई गाली गर्ने तपाईले अर्को पार्टीको नेतालाई गाली गर्ने अनि अर्को पार्टीको नेतालाई गाली गर्ने त्योको केहि पनि होइन भनेर भन्न सुरु गर्ने अनि फेरी हाहा गरेर गर्ने परिस्थिति गर्ने भने हाइ आमा त्यो ओली जे भन्नुहुन्छ हाइ आमा सरकार आयो भनेर भन्नुहुन्छ नि हाई आमाले देश गयो भने के हुन्छ अनि कहाँ देखाउन जानु हुन्छ तपाई हामी यी सबै कुरालाई हामीले मनन गरौ त्यसैले आज मैले भन्न खोजेको छु। यो देशको राष्ट्रिता कमजोर भयो अब संसद पुर्नस्थापनाको लागि जाने गरेर मुद्दा परेको छ। न्यायाधिशहरु यति निधि भइजानुभयो मलाई थाहा थिएन किन भनेको  नेपालको न्यायाधीश मलाई थाहा छ म तब जब २७ सालमा पहिलो चोटी जेल पले त्यो बेलामा निर्भीषको मुद्दा परे तपाईको संघ संस्था नियन्त्रण ऐन र राजकार्य अनि त्यो बेलाको न्यायाधीशले के निर्णय गर्यो भने होइन यही विधायन हो यही उनीहरूको निर्णय हो भने यो संसद निर्णय नियम गर्ने यो राजकार्यमा पनि पर्दैन। अनि हामीले मुद्दा जित्यौ। त्यो पनि भयो ५५ वर्ष भयो आज त्यति आठ भएका न्यायाधीशहरू थिए। राजैको राज्य थियो पञ्चायतकै व्यवस्था थियो। त्यस्तै धनेन्द्र बहादुर सिंह र रत्न बहादुर बिष्ट भने राजाले ०१६ साल पुष १ गते गरिसकेपछि किया सिंहले के भन्दिछ भन्ने एक ठाउँमा कि यो राजाले त तानाशाही ल्याएको

हो। राजका मुद्दा त सर्बतमा पऱ्यो। अब राजाले नियुक्ति गरेको तपाईको उसलाई कसलाई धनेन्द्र बहादुर सिंहलाई धनेन्द्र बहादुर सिंहले त्यो सबै फाइल हेरिसकेपछि खिस्ता गर्नेमा के लेखि दिएकोछ भने यदि यही मात्रै भनेको हो कि राजाले ल्याएको ०१६ साल पुस १ गते अलिकति यो तानाशाही भनेर भनेको हो। यसो कारणले राजकार्य मुद्दा चल्दैन है भनेर निर्णय गरे। अनि राजा कहाँ उजुरी गर्न गए। सरकार धानेन्द्र बहादुरलाई तपाईले ल्याउनुभयो यसले त यस्तो पो गऱ्यो भनेपछि हो र हो अनि उसले भन्यो हो सरकार त्यति भन्ने बित्तिकै तपाईको राजकार्य मुद्दा त राजकार्य मुद्दा भने क्या हो भनेर के त्यसैले के हो भने अहिले नभए भने हामी (..... समय सकिएको।)

(१४:०२ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यज्यू समय सकिएको जानकारी गराउन चाहन्छु माननीय सदस्य रुकमिणी कोइराला समय १४ मिनेट त्यस पछाडि माननीय सदस्य गंगा कुमारी बेलवासे।

(१४:०२ बजे) **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आज विशेष समयमा भएका समसामयिक विशेष समय देशमा भएका समसामयिक विषयमा बोल्न उभिएको छु। ०८२ भदौ २३ र २४ गते भएको आन्दोलनमा जेनजीले युवाले गरेको शान्तिपूर्ण आन्दोलनका मागहरू भ्रष्टाचार, सुशासन, सामाजिक सञ्जाल नियमन विरुद्ध सञ्जाल खुलोस् भन्ने र देश बनोस् भन्ने आफैमा जायज माग थिए। तर आन्दोलनमा भएका घुस पेटका कारण विद्यार्थी ड्रेसमा आएका १९ जना कलिला बालबालिका र तीन जना सुरक्षा कर्मीहरूको ज्यान गएको छ ती मृतक बालबालिका र सुरक्षा कर्मी प्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै मृतकका आफन्त जन र परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछु। ०८२ २४ गतेको आन्दोलनमा राष्ट्रिय झण्डा ओडेर बोकेर एकै समयमा एकै दिन एकै तरिकाबाट एकै प्रकारका घटनाहरू भए सिंहदरबार जलाए, राष्ट्रपति भवन जलाए, सर्वोच्च अदालत जलाए, प्रदेश र स्थानीय निकायका सरकारी कार्यालय सबै जलाए, औद्योगिक कार्यालय प्रतिष्ठान सार्वजनिक संरचना व्यक्तिगत सम्पत्तिहरू ध्वस्त भए २४ घण्टामा देशै ध्वस्त पारेको छ। जसरी भत्काउन सजिलो भयो त्यसरी नै तिन गुणा अप्ठ्यारो पनि हुन्छन्। सरकारी साधन सार्वजनिक व्यक्तिगत यातायातका साधनहरू अनगिन्ती जलेका छन् झट्ट हेर्दा यस्तो घटना वर्षौं वर्षौं देखिका योजनाहरू सफल भएको देखिन्छ राष्ट्रिय झण्डा ओडेर सरकारी कार्यालयका सामान कम्प्युटर ल्यापटप जलाउने लुट्ने चोर्ने राष्ट्रिय झण्डा भाटभटेनी जलाउने राष्ट्रिय झण्डा ओडेर ७ तला सम्म पुगेर चढेर महिलाहरूले प्रयोग गर्ने मेकअपका

सामान देखि गुडियाहरु ल्यापटप कम्प्युटर लगायत फलफुल सम्म पनि लुटेर चोरेर लादै गरेको देखियो व्यक्तिगत सम्पत्ति यसै गरी लुटियो चोरी र लुटपाटमा संलग्न हुनेहरू के तिनिहरू साँच्चैका आन्दोलनकारी थिए त मेरो प्रश्न छ ? अझै पनि सिसिटिभीमा फुटेजहरुमा छदै छ। आन्दोलनका नाममा राष्ट्रिय झण्डा ओडेर राष्ट्रिय सम्पत्ति नष्ट गर्न पाइँदैन। राष्ट्रिय झण्डाको दुरुपयोग भएको छ। झण्डाको महत्व के हो भन्ने कुरा बुझेर सरकारले कडा भन्दा कडा कारबाही गरोस् नत्र यो झण्डाको संरक्षण कसले गर्छ त भन्न चाहन्छु अर्को कुरा जलाइएका सरकारी यातायातका साधन वा अन्य कबाडी सामान सरकारले कबाडीलाई बेच्दै छ भन्ने कुरा सुन्नमा आएको छ तर यी सबै कबाडी जलेका अस्ति पन्जरहरु सबै एक ठाउँमा राखेर जस्ताको त्यस्तै इतिहासको लागि भावी पीढीहरूले देख्ने गरि टिकट सिस्टमबाट देशभरिबाट हेर्न आउने दर्शकहरूको को लागि सरकारले प्रदर्शनीमा राखोस् भन्न चाहन्छु। देश अप्ठ्यारोमा परेका बेला देशलाई सम्हाल्नु भएकोमा प्रधानमन्त्री सुशिला कार्कीलाई धन्यवाद दिन चाहन्छु।

तर ६ महिनामा चुनाव गराउने बाचा गरेर आएका मन्त्रीहरू सुशासनका कुरा गर्न नथाक्नेहरुका एक पछि अर्को गर्दै कम्प्लेनहरु आइरहेका छन्। ६ महिनाको म्यान्डेट पाएको यो सरकारी संस्थाहरूमा एक पछि अर्को गर्दै हस्तक्षेप गरिरहेको छ। कर्मचारी संयन्त्रमा सरुवा बढुवा गर्ने अघिल्लो सरकारले ल्याएका योजनाहरू कटौती गर्ने रोक्का गर्ने संघीय सांसदका सोक्या हटाउने लगायत अन्य थुप्रै कामहरु गरिरहेको देखिन्छ। यो सरकारले फागुन २१ मा शान्तिपूर्ण निर्वाचन गराउने भनिए तापनि त्यस्तो देखिँदैन कसरी शान्ति हुन्छ। आन्दोलनमा लुटिएका हतियारहरू फिर्ता गर्न सकेको छैन। भागेका कैदीहरू फिर्ता आएका छैनन्। अहिले भागेका कैदीहरू संगठन बनाएर राति राति संगठित गरिरहेका छन्। अस्ति मात्र काठमाडौं संगठित बनेर व्यापार व्यवसाय गर्नेहरूलाई मोटरसाइकलमा आएर लुटपाट गरिरहेका छन्। अस्ति मात्र काठमाडौंमै १० जना लुटाहालाई प्रहरीले पक्डेको छ। ललितपुरमा श्रीमानले श्रीमती मारेको छ। महिला हिंसा भएको छ। भएरै चुनाव हुनेमा जनता आतिएका छन्। मतदाताको सुरक्षा मतपेटिका सुरक्षा कसले गर्छ ? मतको सुरक्षा मतदान केन्द्रको सुरक्षा उम्मेदवारको सुरक्षा कसले ग्यारेन्टी गर्ने शान्तिपूर्ण चुनाव हुनेमा आशंका गरिएको छ। सरकारका मन्त्रीहरू चुनाव गराउनको सट्टा सांसद हुने लोभले भटाभट एक पछि अर्को गर्दै राजीनामा दिनै प्रधानमन्त्रीलाई एक ल्याएर आफै चुनावमा होमिएका छन्। कसको सल्लाह चल्छ यो देशमा। अहिले सामाजिक सञ्जालमा एकले अर्कोलाई अश्लिल शब्दमा गाली गर्ने, अश्लिल समाचार दिने, अश्लिल चित्र बनाउने, अश्लिल भिडियो, अश्लिल शब्दमा लाइक कमेन्ट झुट समाचार एक व्यक्तिको खुट्टा अर्को व्यक्तिको टाउको जोडेर चरित्र हत्या जस्ता कुराले सामाजिक सञ्जाल

घृणित भएको छ। यो अस्ति नै अति नै भयो यो मोबाइल खोल्न पनि लाज लागेर आउँछ यसलाई छानबिन गरि सरकारले चाँडो भन्दा चाँडो कारबाही गरोस् भन्न चाहन्छु।

अब स्वास्थ्यका कुरा गरौ जनताको आधारभूत आवश्यकता अन्तर्गत पर्ने स्वास्थ्य बिमा कार्यक्रमले जनताले केहि हद सम्म सुविधा पाएका थिए। सरकारको एक्कासी स्वास्थ्य बिमा बन्द गर्ने निर्णयले गरिब दुःखी जनता अन्योलमा पऱ्याछन्। यो बिमा कार्यक्रम अति आवश्यकता छ यो सरकारले स्वास्थ्य बिमा जनताबाट खोसेको छ यसलाई व्यवस्थित गर्दै फिर्ता गर्दै लागु गरोस् भन्न चाहन्छु। सहकारी पीडितको कुरा छ उनीहरूले मकै पोलेर सहकारी पीडितले मकै पोलेर सागसब्जी बेचेर मजदुरी गरेर बैंकमा जम्मा गरेको पैसा खाइदिएर सहकारी गठहरूले धेरै गरिब दुखी र अरूहरूलाई रुवाएका छन् झुक्याएका छन्। के खाउ के लाउ भन्ने मानिसका पैसा ठगेर खानेलाई सरकारले एक पक्ष पछि अर्को गर्दै सहकारी ठगहरूको मुद्दा फिर्ता लिने निर्णय गरियाछ। यो निर्णयले ठगहरूलाई सरकारले उन्मुक्ति दिन खोजेको देखिन्छ तर सहकारी पीडितहरूको पैसा जसले जसले खाएको हो उनीहरूबाटै असुलेर सरकारले पीडितहरूलाई चाँडो भन्दा चाँडो फिर्ता गरोस् भन्न चाहन्छु।

कुनै हालतमा पनि करोडौ ठगी गर्ने ठगहरूलाई जोगाउने गरि सरकारी ढिकुटीबाट पीडितको भरपूर नगरियोस भन्न चाहन्छु। अर्को कुरा हाम्रो सार्वजनिक तथा प्रत्याधित विधान समितिको राष्ट्रिय महत्वका दस्तावेज अभिलेख पुरातात्विक सम्पदा व्यवस्थापन उपसमिति सदस्य म पनि भएको हुँदा अभिलेख पुरातात्विक सम्पदाको खोजी कार्य जारी हाम्रो समितिमा यही ०८२ माघ १५ गते नालापानी युद्ध खोज्नै बाकी भन्ने समितिका पदाधिकारिहरूले राष्ट्रिय विभूति दयाराम खड्का बारे व्यापक छलफल भयो। छलफलका क्रममा अंग्रेजसँग भएको विभिन्न लडाई मध्ये नालापानीको युद्ध नेपाली इतिहासमा निकै महत्वपूर्ण शासिक मानिन्छ। यसै युद्धमा सादर प्राप्त गरेका दयाराम खड्का राष्ट्रिय विभूतिमा सूचीकृत गर्न छुटेका भन्ने कुरा आएको छ। कालापानीको लडाई र बेद बहादुर खड्काका लिखित रम्दीकोटेपुर खड्का वंशावालीमा नामावली मुद्दा सम्बन्धी नालापानी मुद्दा सम्बन्धी ऐतिहासिक दस्तावेद प्रस्तुत गरिएको छ। नालापानी युद्धमा महिलाहरुले पनि पिठिमा बच्चा बोकेर गर्भवती सुत्केरी आमाहरुले खुडा खुर्पा बोकेर अंग्रेज सँग लडेका थिए र जितेका पनि थिए। तर यतिका वर्षसम्म पनि अन्तिम सम्म लड्ने दयाराम खड्का राष्ट्रिय विभूतिमा सूचीकृत हुन नसक्नुमा मलाई ज्यादै दुख लागेको छ। यस्ता छुटेका कति होलान् त विभूतिहरू ? नालापानी खोजको समितिले राखेका सबै मागहरू पनि जायज छन् र सरकारले चाँडो भन्दा चाँडो दयाराम खड्कालाई राष्ट्रिय विभूति घोषणा गरोस् भन्न चाहन्छु।

अब म अब म राष्ट्रका चौथो अङ्ग भनिएका पत्रकार मित्रहरूको बारेमा कुरा गर्न चाहन्छु। आज हामी सांसदहरू राष्ट्रिय सभाका सांसदहरू जो जहाँ जहाँ भेट्नुहुन्छ उहाहरुले सिंहदरबार भित्र यस्ता यस्ता कोइसनहरु राखेर अहिले प्रश्न गर्न थाल्नु भएको छ। त्यो के त्यस्तो खालको प्रश्न आवश्यक हो त ? सांसदहरूलाई किन हत्याएको यसरी त्यो चाहिँ त्यस्तो राम्रो काम होइन। उहाहरु भनेको राष्ट्रका चौथो अङ्ग हो। उहाँहरूले पनि सरकारलाई सहयोग गर्नुपर्छ। त्यही भएको हुनाले पत्रकार मित्रहरूले आफ्नो आचार समिता सदाचार नीति लागु गर्नु भको छैन भन्ने मलाई लाग्छ। अस्ति हाम्रो यही सांसदमा मा सदाचार नीतिको बारेमा त्यत्रो व्यापक छलफल भयो। सबैले यो होइन यो ठिक छैन यो बेठिक छैन भनेर कसैले हामीले भनेनौ। तर हामी आफैबाट पनि यो सदाचार नीतिलाई चाहिँ आफैबाट सुरुवात गर्नुपर्छ आफैबाट लागु गर्नुपर्छ भन्नेमा हामी सबै एकमत छौं। तर यो सदाचार नीतिको बारेमा चाहिँ पत्रकारहरूले चाहिँ लागु गर्नु पर्छ कि पर्दैन उहाँहरूले यसरी भएका सञ्चारहरूलाई पनि झूट पारेर बंग्याएर एक थोक भनेको छ भने अर्को थोक भनेर त्यसो गर्दा खेरि पत्रकारको धर्म निभाइन्छ त निभाइँदैन नि त्यसो भको हुनाले अब मैले भन्छु आचार समिता सदाचार नीति लागु गरेर पत्रकारज्यूहरुले विश्वासिलो र सहि भरपर्दो समाचार दिएर उदाहरणीय बन्न म आग्रह गर्दछु। यति भन्दै मेरो भनाइलाई लाई यही अन्त्य गर्न चाहन्छु। हस् त धन्यवाद नमस्कार।

(१४:१३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य गंगा कुमारी बेलबासे समय १२ मिनेट त्यसपछाडि माननीय सदस्य जयन्ती देवी राई।

(१४:१४ बजे) **<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, प्रजातान्त्रिक शासन व्यवस्था संवैधानिक स्थायी एवं संस्थाहरूको निरन्तरताको व्यवस्था हो। संसदीय प्रजातन्त्रको मर्म भनेको नीति विचार कार्यक्रम बीचको प्रतिस्पर्धा हो। सार्वजनिक समस्याको समाधान संस्थामा खोजिनु पर्दछ। व्यक्तिमा खोजेर थालेर संसदीय व्यवस्थाको समाधान खोजिँदैन। क्षमता पनि संस्थागत हुनुपर्दछ। व्यक्तिमा क्षमता छ भन्दैमा पार्टी र यो संसदीय व्यवस्था स्थापित हुन सक्दैन। आर्थिक मन्दी सुरक्षा चुनौती महामारी जस्ता समस्या देखाएर राजनीतिक अस्थिरता जस्ता संकटलाई देखाएर निर्णय प्रक्रिया नेतृत्वमै केन्द्रित गरियो भने उत्तरदायित्वको राजनीतिलाई लयमा फर्काउन कठिन हुन्छ दलभित्र आन्तरिक प्रजातन्त्रको अभ्यासको अभाव छ दलभित्रको प्रजातन्त्र सुदृड गरेर लोकतान्त्रिक गणतन्त्रलाई सुदृड गर्न सक्छौ आज हामी संसदीय निर्वाचनमा छौं उम्मेदवारहरू

आआफ्नो क्षेत्रमा प्रचारमा छन् विद्यमान दलहरु जनताबाट विश्वास जित्न असल उम्मेदवार ठिक नीति विचार असल सिद्धान्तका आधारमा जन अभिमत ग्रहण गर्ने हो जनताले जनताका लागि छानेर प्रतिनिधिले जनताको काम गर्ने व्यवस्थाको लागि जनप्रतिनिधि छान्दै छौं भन्ने बुझ्ने र उम्मेदवारलाई विश्वास गर्ने हो त्यो नै प्रतिनिधि सभा आजको निर्वाचन प्रचार प्रसारको तरिका हो नीति भन्दा नेता ठुलो विचार भन्दा व्यक्ति ठुलो भनेको भएको दर्शन भन्दा दरो व्यक्ति दर्शन भन्दा व्यक्ति धनी विचार भन्दा व्यक्ति ठुलो नीति भन्दा नेता ठुलो हुने कुराले यो व्यवस्थालाई फाइदा गर्दैन। औपचारिक रुपमा प्रजातान्त्रिक देश देखिए पनि व्यवहारमा संस्थाहरू ओझेलमा परेका छन्। छायामा परेका छन्। बा दाई दिदी देखिएको छ पार्टी देखिएको छैन पार्टी चिनिएको छैन। यो संसदीय व्यवस्था यस्तो खालको संसदीय व्यवस्था हुन सक्दैन। यस्तो चालढालले निर्वाचित शासक पनि सर्वोपरि अधिशासक बन्न पुग्दछ। उ जनताको प्रतिनिधि हुन सक्दैन जनताको प्रतिनिधि मै हु भन्दै तिम्रो समस्या समाधान मै गर्छु भन्दै घमण्ड देखाउँदै होडबाजी गरेको महसुस भइराखेको छ। जनप्रतिनिधि जनता जस्तो देख्नुपर्ने हो तर शासक जस्तो जनादेश हैन मत पाएर मतादेश भए जस्तो अर्थ्याउन खोजिएको छ। यस्तो प्रवृतिले अधिशासकको मनोदशा र लहडमा निर्भर हुन्छ हुन थाल्दछ। व्यक्ति केन्द्रित निर्वाचनबाट स्थापित भयो भने निरंकुश उसको उदयलाई रोक्न कठिन हुन्छ दल औपचारिक रुपमा रहे पनि राजनीति व्यक्ति केन्द्रित छ। अनौपचारिक रूपले पार्टी भन्दा व्यक्ति हावी हुने प्रवृतिले प्रतिभाशाली व्यक्ति पनि निहित स्वार्थ समूहको घेरामा फस्न सक्दछ। संसदीय व्यवस्था को व्यक्ति केन्द्रीकरण निर्दलीय व्यवस्था भन्दा पनि खतरनाक अवस्था सिर्जना गर्दछ जहाँ व्यक्ति/व्यक्तिसँग हुन्छ। शासक निरंकुश घमण्डी अहम अहंकारी बन्दछ जस्तो विगतमा धेरै उदाहरणहरू छन्। २०५० सालमा त्यस्तै भयो ०५६ मा भयो।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेपछि सर्वोच्च अदालतले संसद पुनरर्स्थापना र विपक्ष दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्ति गर्नुपरेको स्थिति हाम्रा अगाडि छर्लङ्ग छ। अब निर्वाचन हुँदैछ तर म को हो के हो भनेर प्रचार गरिदैं छ त्यसरी हिंडेको देखेर जनताहरू आतंकित भएका छन् प्रचारका क्रममा विभिन्न होडबाजी देखिएको छ यो प्रचार शैली संसदीय तरिका होइन। देशमा प्रधानमन्त्री प्रणाली छ व्यवहारले राष्ट्रपति करण गर्न खोजिएको छ। निर्दलीय निर्वाचन जस्तो दलको सदस्य होइन व्यक्ति निर्वाचन लडिरहेको महसुस भैरहेको छ। यो व्यवस्थाको विरोधमा मै भए हुन्छ भन्ने खालको देखिएको छ र यो व्यवस्थाकै विरुद्धमा देखिएको छ। देश चलाउन हल्ला होइन सेलिब्रेटी राजनीति होइन राजनीति माउनीति हो राजनीतिलाई खिल्ली उडाउन पाइँदैन। यसरी राजनीतिलाई एउटा नीतिमा सिद्धान्तमा विचारमा व्यवहारमा प्रयोग गरिन्छ कि गरिँदैन भन्ने कुराले हामी कस्तो देश

बनाउँदै छौं कस्तो व्यवस्था बनाउँदै छौं भन्ने कुराहरू देखिन्छ। यो एउटा लहर आएको छ। यो लहरले धेरै कुराहरू यहाँ हेर्नुपर्ने छ। आर्थिक असमानता लाई कसरी सच्याउन सकिन्छ ? उँचो नीचोको व्यवहारलाई कसरी सच्याउन सकिन्छ ? गरिब धनी बीचको खाडल कसरी सच्याउन सकिन्छ ? विद्यालय शिक्षा र बोर्डिङको शिक्षा कसरी सच्याउन सकिन्छ ? स्वास्थ्य सुरक्षा कसरी व्यवस्था गर्न सकिन्छ ? सेवाको को निजी करणलाई कसरी रोक्न सकिन्छ ? बजारिकरणको जो सिन्डिकेट छ त्यसलाई कसरी तोड्न सकिन्छ ? सर्वसाधारण परिवारलाई बिस्तारै गुणस्तर स्वास्थ्य कसरी दिन सकिन्छ ? वित्तीय अवस्थालाई कसरी आर्थिक सुधारमा लैजान सकिन्छ ? महंगी कालो बजारी र सिन्डिकेटलाई कसरी तोड्न सकिन्छ ? आम जनसमुदायको जीवनस्तर झन झन कठिन बन्न गइरहेको छ कसरी सुधार्न सकिन्छ? रेमिटेन्सलाई कसरी उत्पादनमा लगाउन सकिन्छ ? आम जनतालाई अवसर रोजगारी सुविधा कसरी दिन सकिन्छ ? भन्ने घोषणा पत्रहरूमा दलले व्यवस्था गरेर जान जरुरी छ यो नै आजको आवश्यकता हो भन्ने कुराहरू लाग्दछ रोजगारी सिर्जना गर्न व्यवस्थापन गर्न लगातार कृषि क्षेत्रलाई प्राथमिककरण कहिले गरिएन जसले गर्दा खेरि आजको यो अवस्था सिर्जना भएको छ।

राज्यले रोजगारी स्वरोजगारी राम्रो नीति र गाउँले जीवन र सहरिय जीवनमा फरक नदेखिने खालको अवस्था कहिले सिर्जना गर्छ। बोर्डिङ र सरकारी स्कूलको शिक्षालयलाई कसरी हामीले एउटै दौडमा लैजान सक्छौ कसरी विद्यालयका बच्चाहरूलाई कसरी सरकारी स्कूलका विद्यार्थीहरूलाई कसरी पास गर्न सक्छौ भन्ने ढंगले हामीले योजना बनाउन जरुरी छ। यस्तै गरेर सिद्धान्तहिन, मूल्यहिन, आचारहिन, राजनीतिबाट हामीले देशलाई जोगाउन जरुरी छ। शिक्षा स्वास्थ्य र सर्वसुलभ स्तरीय गुणस्तर बनाउन जरुरी छ। भूमि व्यवस्थालाई लाई व्यवस्थित गरेर उत्पादनमा जोडदिन जरुरी छ। कृषि उत्पादन र वितरणकै वैज्ञानिक योजना बनाउन जरुरी छ। रोजगार र स्वरोजगार सिर्जना गर्नका लागि घोषणा पत्रहरूमा आफूलाई व्यवस्थित गरेर जान जरुरी छ। उत्पादन क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्ने योजना बनाउन जरुरी छ। यस्तै गरेर सम्मानता, सामाजिकीकरण, सामाजिक न्याय, र सामाजिक उत्थानको लागि काम गर्ने पार्टीहरूको आज खाँचो छ। सैद्धान्तिक वैचारिक पार्टी नभइकन मञ्चो बनाएर चुनाव लडेको देखिएको छ। मञ्चले काम गर्न सक्दैन। चुनाव जिताउनका लागि जनताले सचेत भएर भोट हाल्न जरुरी छ। मञ्चलाई जिताई सकेपछि भोलि आआफ्नो बाटो लागि सकेपछि कसलाई जिताए भनेर जनताले फेरी आफूलाई नै फर्केर पछुताउनु पर्ने स्थिति सिर्जना नहोस् भन्ने कुराहरू म यहाँबाट राख्न चाहन्छु।

संसदीय व्यवस्थामा विचारलाई मताधिकारको प्रयोग हुन्छ र विचार त्यसमा व्यक्त हुन्छ भन्ने एउटा मान्यता छ। आफ्नो मताधिकार दिँदा ठिक पार्टी, ठिक विचार, ठिक नीति बुझेर चिनेर दिनका

लागि म यहाँ देखि आम जनताहरूलाई अनुरोध गर्न चाहन्छु र दिनुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु। देशलाई ग्रे लिस्टबाट माथि उठाउनु छ। २०२६ मा देशलाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने हाम्रो पूर्व योजना थियो। हामी २०८२ भदौ २४ को घटनाले हामी त्यही मितिमा नसके पनि हामी फेरी खरानी टकटकाएर धुलो टकटकाएर हामी अगाडी बढ्नुपर्छ उठ्नुपर्छ र हाम्रो देशलाई विकासशील राष्ट्र बनाउने अर्को मिति तोक्नु पर्छ त्यो मितिमा हामीले हाम्रो देशलाई विकासशील राष्ट्र बनाउँदै विकसित राष्ट्रमा स्तरोन्नति गर्नका लागि हामी सबै जुट्नुपर्छ र यो संविधान यो व्यवस्थालाई बचाउनुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर अमेरिकाले भेनेजुइलामा आक्रमण गर्यो मध्यरातमा त्यहाँको राष्ट्रपतिलाई आँखामा कालो पट्टी बाँधेर हातमा हत्कडी लगाएर जुन ढंगले अपहरण गर्यो र त्यहाँबाट उसले लगेर एउटा झुठा मुद्दा लगाउन खोजिराखेको छ।

म तुरुन्त राष्ट्रपतिलाई रिहा गर्नको लागि अमेरिकासँग माग गर्दछु र आफ्नो विचारहरू पनि म के राख्न चाहन्छु भने यो जुन हस्तक्षेप भएको छ यसरी माननीयहरू यस संकटबाट हामीले सिक्नुपर्छ कि सम्पूर्णता रक्षाको अधिकार तथा माननीय मानवीय न्याय बीच सन्तुलन कसरी कायम गर्न सक्छौं अन्तर्राष्ट्रिय प्रणालीमा शान्ति कायम कसरी गर्न सक्छौं संकटग्रस्त नागरिकहरूलाई कसरी हामीले सेवा सुविधा रक्षा गर्न सक्छौं। हिंसात्मक हस्तक्षेप सहिने उपायले समाधान ल्याउँदैन। कूटनीतिक संवाद अगाडि बढाउनुपर्छ। सहयोगको नीति अगाडि बढाउनुपर्छ। अन्तर्राष्ट्रिय कानुनको पालना समस्या हल गर्नुपर्दछ। पालना गर्दै समस्या हल गर्नुपर्छ। अन्तमा हाम्रो संसद र सरकारलाई यो सन्दर्भमा निम्न सन्देश अघि बढाउन चाहन्छु। मानवीय सहायता र कूटनीतिक समाधानलाई प्राथमिकता दिइयोस् सम्प्रभुताको सम्मान र अन्तर्राष्ट्रिय कानुनको पालनालाई जोड दियोस् भेनेजुएइलाका नागरिकहरूको जीवन र अधिकारको रक्षा गर्न अन्तर्राष्ट्रिय समुदायसँग माग गर्दछु संकटको समाधान शान्तिपूर्ण सहकार्यमा मात्र सम्भव छ हामी सबै मिलेर मानव अधिकार शान्ति र न्यायको पक्षमा सुदृढ आवाज उठाउ। हस धन्यवाद।

**(१४:२५ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य जयन्ती देवी राई समय १२ मिनेट।

**(१४:२६ बजे)** **<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-** सम्माननीय अध्यक्ष महोदय, म आज सबैभन्दा पहिला हाम्रो राष्ट्रिय सभाको माननीय बलदेव बोहरा प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। हामी यति बेला जुन जेनजी आन्दोलन पछाडी सृजित जुन राष्ट्रिय राजनीति परिस्थिति सिर्जना भयो र यो बहुत अकल्पनीय र दुःखद अवस्थामा हाम्रो १८औं

अधिवेशन बन्द भएको थियो। र सबैभन्दा पहिला त म आज त्यसपश्चात यो नयाँ परिस्थिति, राजनीतिक परिस्थिति र नयाँ यो हलमा मैले पहिलो आफ्नो कुराहरू राख्न पाएको छु। त्यसकारणले अगाडि नै माननीयज्यूहरूले राख्नु भएको कुरामा पनि दोहोरिन सक्छ। र म सबैभन्दा पहिला त म जुन जेनजी आन्दोलनमा सहादत प्राप्त गर्नुभएको जेनजी युवाहरू र सुरक्षाकर्मी सबैलाई म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र साथै त्यो आन्दोलनमा घाइते हुनुभएको रवि चित्रकार लगायतका सम्पूर्ण घाइतेहरू प्रति उहाँहरूको पूर्ण र शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु।

अध्यक्ष महोदय, जेनजी आन्दोलन जुन भयो जेनजीहरूले उठाएका कुराहरू बिल्कुलै त्यो नयाँ थिएन र तपाई हामीले उठाइरहेका मुद्दाहरू थिए। पटक पटक हामीले राष्ट्रिय सभामा उठाएका तपाई हामीले उठाएका मुद्दाहरू थिए। जहाँ न्याय, समानता, सामाजिक न्याय र भ्रष्टाचारको अन्त्य र सुशासनका कुरा, युवाहरूको राजनीतिमा सहभागिता र सामाजिक सञ्जालको माथि रहेको प्रतिबन्धको विरोधमा थियो र हामीले त्यो कुरा बोलेका थियौं। हामीले भनेका थियौं। सरकारको ध्यान आकर्षण पनि गराएका थियौं। र आज यो आन्दोलन लहरको भरमा तत्कालीन उठेको आन्दोलन होइन। र यो आन्दोलनको गराउन धेरै अगाडि देखि हामीले तयार गरेका थियौं। कि यहाँका जनताहरूले तयार गरेका थिए। विभिन्न पेशाकर्मीहरूले तयार गरेका थिए र जो आन्दोलनमा थिए उनीहरू किसानहरू आन्दोलनमा थिए। सडकमा थिए, त्यति बेला लाखौंको सङ्ख्यामा शिक्षकहरू आन्दोलनमा थिए। उनीहरूले आज शिक्षक ऐनको बारेमा चाहिँ उनीहरूले उठाइरहेका थिए। आज त्यो ल्याउन सक्ने अवस्था हुँदा हुँदै पनि ल्याइएन। आज निजामती कर्मचारीहरू आन्दोलनमा थिए। उनीहरूले संघीय निजामती ऐनको माग गरिरहेको थियो। त्यसरी नै आज डाक्टरहरू, स्वास्थ्यकर्मीहरू आन्दोलनमा थिए। हरेक हिंसा बढिरहेको थियो। आज महिलाहरू दिन प्रतिदिन माइतीघर मण्डलमा आन्दोलित थिए र हामीले भनिरहेका थियौं। सरकारलाई आग्रह गरेका थियौं। तर जानी जानी निदाएको नाटक गर्नेहरूलाई हामीले सकेनौं। यसप्रति अलिकति पनि गम्भीर बनेन सरकार। त्यसकारणले आज यो पृष्ठभूमि तयार भयो। जसले गर्दाखेरि आज यो आन्दोलनको पनि समीक्षा गरौं। र म जुन हाम्रा एजेन्डाहरूलाई अगाडि बढाएकोमा म जेनजी युवाहरूलाई धन्यवाद पनि दिन चाहन्छु। र हामीले पटक पटक भन्दा भन्दै पनि यो आन्दोलन भयो। सायद कसैले पनि सोचेका थिएन होला। आज हामी सबै यहाँ जति उपस्थित छौं, हामी आन्दोलनबाटै आएका छौं। हरेक प्रति परिवर्तनमा आज आन्दोलन हामीले गरेका छौं। चाहे राणा शासन देखि लिएर, पञ्चायत विरोधी आन्दोलन देखि लिएर, हरेक जनताको अधिकार स्थापित हामी आन्दोलनले नै गरेका थियौं। आज म युवाहरूलाई भन्न चाहन्छु, आज यसको समीक्षा गर्ने कि नगर्ने ? तपाईंहरूको उद्देश्य यो थिएन होला नि ? आज सिंहदरबार जलाउनु भो सिंहदरबार जल्दा आज एउटा भवन जलेन।

आज सारा जनताको आवाज जलेको छ। आज सर्वोच्च अदालत जल्दा त्यो एउटा भवन जलेन। आज सबै जनताको न्याय जलेको थियो। आज हरेक उद्योग धन्दा, भाटभटेनी जस्तो जलाउँदा आज हरेक यहाँका श्रमजीवी जनताहरूको रोजगार जलेको थियो। बेरोजगार भएको थियो र आज हाम्रा राष्ट्रपति, हाम्रा नेताहरूको घर जल्दा, आज हामी सबै जनता र कार्यकर्ताहरूको मन जलेको छ। त्यसकारणले समीक्षा गरौं औंला ठडाऔं। आज यो कुरा समीक्षा गर्नको लागि आज युवाहरू पनि आज तयार हुने कि नहुने ? समीक्षा गर्ने कि नगर्ने ? आज सहिको आन्दोलनमा को सहि को गलत थिए भन्ने कुराको किन छानबिन गर्नु हुन्न। हामी सहयोग गर्छौं। आज गलत हामी भनिरहेका छौं। विभिन्न वैदेशिक, विदेशी हस्तक्षेप र यहाँ प्रतिगामी तत्वहरूको घुसपैठ भयो भन्दै छौं। यति भनेर मात्र आज हामीले धर पाउने वाला छैनौं। किन घुसपैठ भयो त आज हामीमा के कमी कमजोरी छन् हाम्रो चाहिँ। त्यसकारणले हामीले पनि आत्मसात् गरौं। यो परिवर्तनलाई आत्मसात् गरौं र यति बेला अघि हाम्रो आनन्द माननीयज्यूले भन्नुभयो कि बहस केमा छ भन्दाखेरि नयाँ र पुरानो पार्टी। नयाँ र पुरानो पार्टी, पुराना पार्टीहरूलाई अब ध्वस्त गर्ने। नयाँ पार्टी के हो ? नयाँ र पुरानो पार्टी, नयाँ भन्ने बित्तिकै र पुरानो भन्ने बित्तिकै आज सवाल त्यो हो कि आज पुरानो पार्टीले केही गरेका छैनन्। यति धेरै जनअधिकार, लोकतन्त्र, गणतन्त्र, संघीय समावेशी लोकतन्त्र, जनअधिकार, संविधान, यावत् यदि जनअधिकारहरू कसले स्थापित गरे। आज म भोलि यो गर्छु भन्ने होइन। त्यो पनि होला भोलि इतिहासले त्यो पनि पुष्टि गर्ला। तर हिजो के गरेको भन्ने कुरामा चाहिँ हामीले विश्लेषण नगर्ने। सवाल नयाँ र पुरानो हो र म सम्पूर्ण आज युवा देखि लिएर सम्पूर्ण आदरणीय जनसमुदायलाई म आग्रह गर्न चाहन्छु। सवाल आज नयाँ र पुरानोको होइन। सवाल आज यी पुराना पार्टीका नेताहरूको सारा जिन्दगी समर्पण छ। यो परिवर्तनमा तपाई, हामीले पनि यही हुमेका छौं आफ्नो जिन्दगी। आज टाइ-सुटबाट, आज हामीले पार्टी निर्माण गरेका होइनौं, लोकतन्त्र, गणतन्त्र निर्माण गरेका होइनौं। हामीले साधारण जीवन र उच्च विचार लिएर आज सबै हामी लागेका हौं। यसरी पनि भन्न मिल्दैन। सवाल भनेको आज जनअधिकार, आज हामीले रक्षा गर्ने कि नगर्ने ? यति ठुलो आन्दोलनले स्थापित गरेको हो। लोकतन्त्रलाई आज रक्षा गर्ने कि नगर्ने ? गणतन्त्रलाई रक्षा गर्ने कि नगर्ने ? आज समावेशी, आज सबैको अधिकारलाई हामीले सुरक्षित गर्ने कि नगर्ने ? आज संविधानलाई हामीले कार्यान्वयन गर्ने कि नगर्ने ? बाँकी अधिकारहरू हामीले अब प्राप्ति गर्ने कि नगर्ने ? त्यसको लागि लड्ने कि नलड्ने ? भ्रष्टाचारको अन्त्य सुशासन कायम गर्ने कि नगर्ने? राजनीति स्थिरता कायम गर्ने कि नगर्ने ? र आज साँच्चै भन्ने हो भने वर्गीय हिसाबले, वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक असमानताहरूलाई आज हामीले समान र सामाजिक न्याय र आम जनताहरूलाई आर्थिक रूपान्तरणमा लैजाने कि नदिने र आज साँच्चै यो मुलुकलाई

समृद्धि बनाउने कि नबनाउने भन्ने सवाल आज जोडदार छ। यो सवाल हो, आज हामी अगाडि बढाउनु पर्ने। के चाहिँदैन, अब यसको निम्ति पुराना पार्टीहरू होला। म फेरी पुराना पार्टी सबै राम्रो भन्न चाहँदिन। होला पार्टी राम्रो गलत छैन, व्यक्तिहरूले केही गति कमजोरी गरेका होलान् सुध्रिनु पर्छ। तर यसको आधारमा सबै पुरानो पार्टी गलत भनेर हामी भन्न मिल्दैन। यसको निम्ति हामी एकजुट हुनुपर्ने जरुरी छ।

आज लोकतान्त्रिक शक्तिहरू, यो राष्ट्रियता सङ्कटमा छ, आज आर्थिक सबै सङ्कटमा छ, यो अवस्था त्यसकारणले यसको निम्ति फेरी पनि हामी एकजुट हुनै पर्छ। त्यसो भएको कारणले म फेरी आज म आग्रह गर्न चाहन्छु। र अहिले हामी निर्वाचनमा होमिएका छौं। निर्वाचनमा यो मुलुक भइसकेको छ। त्यसकारणले म जुन पूर्वरूपमै सरकार निर्वाचन गराउने पक्षमा छु भएको कारणले म प्रधानमन्त्री लगायत सम्पूर्ण सरकारलाई हार्दिक धन्यवाद पनि दिन चाहन्छु। र यो निर्वाचन निष्पक्ष र धाँधली रहित र जनताहरूलाई भए बहबाट मुक्ता गराउनै पर्छ। यसको निम्ति लागिरहनु भएको छ र यसको निम्ति म यहाँबाट आग्रह पनि गर्न चाहन्छु। सुरक्षाका सबै निकायहरू सेना, प्रहरी, सशस्त्र, मेदी प्रहरी, नागरिक समाज र आम सञ्चारकर्मीहरू यसमा लाग्नुहोस्। र हामीलाई अझै पनि अघि माननीयज्यूहरूले भन्नु भएको जस्तै भय रहित हुन सकेका छैनौं। आज किनभने ५ हजार भन्दा धेरै कैदीहरू फरार छन्। अपराधीहरू फरार छन्। सयौं भएको सङ्ख्यामा आज हतियारहरू, आज फिर्ता हुन सकेको छैन। आज फेरी दिनदहाडै विभिन्न घटनाहरू घटिरहेका छन्, लुटपाट भइरहेको छ, बैंकहरू लुटिएको छ, हिंसा बढिरहेको छ, मान्छे मरिरहेका छन्, आज घरहरू लुटिएको छ, सुन-चाँदीका पसल लुटिएको छ। त्यसकारणले आज जनताहरू आतंकित छन्, तर यसको लागि सरकार गम्भीर बन्नुपर्छ। र आज अघि माननीयज्यूहरूले भन्नु भएको जस्तै ६ महिनामा निर्वाचन गराउनु पर्छ भन्ने आज सरकारका जेनजीले स्थापित गरेका सरकार सबैले भरोसा गरेका थियौं। यो परिवर्तन, यो एउटा आन्दोलनले स्थापित गरेको भनेर हामीले विश्वास गरेका थियौं। तर आज त्यो जिम्मेवारीबाट पन्छिएर, त्यो एउटा मैदान छोडेर आज फेरी त्यही सत्ता लोलुपता आज। त्यो फेरी एउटा जुन आशय बोकेर यो एकदम हिंडेको कुरामा हामीलाई मन परेको छैन। यो त्यसकारणले आज हामीले यसको लेखाजोखा पनि जनताले गर्नेछन्। त्यसकारणले म भन्न चाहन्छु, सरकारले आज यो खालको वातावरण दिनुभएन। त्यसो भएको कारणले म आज फेरी पनि यस्ता खालका जुन आज विभिन्न किसिमका सामाजिक सञ्जालमा अनावश्यक जनतालाई भ्रमित हुने कुराहरू जुन अनगल्ला प्रचारहरू, अनगल्ला कुराहरू गरिरहेका छन्। यसमा सरकारको ध्यान जाओस् र सरकारले यसलाई रोक लगाउन नै पर्छ। आज बिना कारण,

बिना हक आज कुनैलाई पनि कसैलाई पनि अधिकार हनन गर्ने र हस्तक्षेप गर्ने अधिकार कसैसँग छैन भन्दै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१४:३२ बजे) **पुनःपीठासीन** :- सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१४:३८ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू, अब सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति माया प्रसाद शर्मालाई सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१४:३९ बजे) **माननीय सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति सभापति श्री माया प्रसाद शर्माः-** सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले समितिको कार्यक्षेत्र भित्रका विषयहरूमा निरन्तर अध्ययन, अनुगमन, छलफल तथा अन्तरक्रिया कार्यहरू गर्दै आएको छ। यसै क्रममा समितिले समितिको कार्यक्षेत्र भित्रको सार्वजनिक नीतिको अध्ययन गर्ने क्रममा विकास र संरक्षण बीच कसरी सन्तुलन मिलाउन सकिन्छ ? त्यस क्षेत्रका मुख्य समस्या तथा विवादहरू के हुन् ? संरक्षण विकासको विरोधाभासलाई कसरी न्यूनीकरण गर्दै संरक्षण र विकासको कार्यलाई सँगसँगै अगाडि बढाउन सकिन्छ भन्ने समितिले लामो समय लगाएर सम्बन्धित सरोकार राख्ने। सबै पक्षसँग छलफल तथा अन्तरक्रिया स्थलगत अवलोकन गर्नुका साथै यस क्षेत्रसँग सम्बन्धित कानुनहरू अदालतबाट भएका फैसलाहरू तथा नजिर लगायतको अध्ययन गरी यो प्रतिवेदन तयार गरी सभा समक्ष पेश गरेको थियो। राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्याहरूको अध्ययन गरि सम्मानित राष्ट्रिय सभा समक्ष पेश गरिएको यो प्रतिवेदनमा राष्ट्रिय सभाको अघिल्लो अधिवेशनमा नै छलफल गर्ने कार्यक्रम रहेता पनि भदौ २३ र २४ गतेको उत्पन्न विषम परिस्थितिका कारण यो सम्भव भएन। सर्वप्रथम सम्मानित सभाको आजको बैठकमा यस प्रतिवेदन माथि छलफल गर्ने समय उपलब्ध गराउनु भएकोमा सम्माननीय अध्यक्षज्यूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, समितिले निकुञ्ज क्षेत्रका नीतिगत समस्याहरूको विस्तृत अध्ययन गरि समिति समक्ष प्रतिवेदन पेश गर्न सार्वजनिक नीति अध्ययन उपसमितिलाई जिम्मेवारी दिएको

थियो। उपसमितिले विकास र संरक्षणसँग सम्बन्धित नीति तथा कानुनहरू संरक्षण र विकासका सन्दर्भमा सर्वोच्च अदालतबाट भएका फैसलाहरू लगायतका विषयमा अध्ययन तथा छलफल गरी २०८२ असार ३० गते सुझाव सहितको प्रतिवेदन समिति समक्ष पेश गरेको थियो। उपसमितिले समिति समक्ष पेश गरेको प्रतिवेदनमा समितिमा समेत लामो छलफल गरी परिमार्जित सहित पारित भएको प्रतिवेदन, २०८२ भदौ ३ गते सम्मानित सभा समक्ष प्रस्तुत गरिएको थियो।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावलीको दोस्रो संशोधन मार्फत संसदले सार्वजनिक नीतिको क्षेत्रमा अध्ययन, अनुसन्धान गरेर सरकारलाई सुझाव तथा निर्देशन दिने व्यवस्था गरेको थियो। सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको कार्यक्षेत्र भित्र पर्ने गरि व्यवस्था गरिएको सार्वजनिक नीतिको अध्ययन अन्तर्गत समितिले नेपाल सरकारका क्षेत्रगत नीतिहरूको मस्यौदा चरणमा छलफल गरि सुझाव उपलब्ध गराउने र जारी भएका नीतिहरूको अध्ययन अनुगमन विश्लेषण र मूल्यांकन गरि आवश्यक सुझाव र निर्देशन दिन सक्ने व्यवस्था नियमावलीले गरेको छ। संसदीय व्यवस्थाको इतिहासमा यो पहिलो पटक गरिएको यो व्यवस्थाको कार्यान्वयन गर्ने पहिलो कदम रुपमा समितिले संरक्षण र विकास बीचको द्वन्द्व समाधानलाई केन्द्रमा राखी राष्ट्रिय निकुञ्ज सँग सम्बन्धित नीतिगत समस्याको अध्ययन गरि सुझाव सहितको प्रतिवेदन तयार गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय निकुञ्जले वन र वन्यजन्तुको संरक्षण गर्नुका साथै वातावरण र परिस्थितिकीय प्रणालीको सुरक्षा र संरक्षणमा समेत महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। साथै निकुञ्ज र मध्यवर्ती क्षेत्रको प्रयोग मार्फत प्राय पर्यटन र रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ। साथै उत्पादन र रोजगार मुलक कार्यहरू मार्फत मध्यवर्ती क्षेत्रका जनताको जीवन स्तर सुधारमा समेत भूमिका निर्वाह गर्न सकिन्छ। निकुञ्ज तथा वन्यजन्तु र वन र वन्यजन्तु संरक्षणबाट दिगो विकास र वातावरण संरक्षणमा योगदान पुऱ्याउन सकिन्छ। संरक्षण र विकास दुवै हाम्रा लागि अनिवार्य हुन्। संरक्षण बिनाको विकासले हामीलाई सङ्कट तर्फ धकेल्न सक्छ भने उपयोग बिनाको संरक्षणको औचित्य पुष्टि हुन सक्दैन। तर संरक्षण र विकास बीचको सन्तुलन मिलाउन त्यति सहज भने छैन। विकासले ल्याउने विनाशले संरक्षणलाई मात्र होइन जनजीवनलाई नै क्षेत्रविच्छेद बनाउन सक्छ। त्यसैले हामीले विकासका कार्यहरू सञ्चालन गर्दा विकासलाई दिगो र परिणाममुखी बनाएर संरक्षण सहितको विकासलाई जोड दिनु पर्दछ। यसरी नै संरक्षणको कार्य गर्दा पनि निरपेक्ष रुपमा नगरी उपयोग र विकास सहितको संरक्षणमा ध्यान दिन जरुरी छ। संरक्षणलाई मानव जाति, वन तथा वातावरण र वन्यजन्तु सबैको हित हुने दिशामा अगाडि राखु पर्दछ। यी नै विषयहरूलाई मध्यनजर गरि समितिले यस प्रतिवेदन मार्फत सिफारिस गरिएका सुझावहरूको कार्यान्वयनले विकास र संरक्षणका

क्षेत्रमा देखिएका फरक धारणालाई साँघुरो पारी संरक्षण सहितको विकासका कार्य अगाडि बढाउन सहयोग पुग्ने विश्वास मैले लिएको छु। अन्त्यमा समितिले तयार गरेको यो प्रतिवेदन माथि माननीय सदस्यहरूले सक्रियतापूर्वक छलफलमा भाग लिनु हुन्छ र प्रतिवेदनलाई अझ राम्रो बनाउन थप सुझाव प्राप्त हुने आशा राख्दै सम्माननीय अध्यक्ष मार्फत सम्मानित सभामा राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्याहरू सम्बन्धित अध्ययन प्रतिवेदन, २०८२ छलफल गरियोस् भनि प्रस्ताव पेश गर्दछु। धन्यवाद।

(१४:४५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू म राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। माननीय सदस्यहरू यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिने माननीय सदस्यहरूले विषय केन्द्रित भइ आफ्नो धारणा राख्नु पर्नेछ। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम २ मिनेट भित्र उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(१४:४६ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्षज्यू, संरक्षण र विकासका बीच तालमेल मिलाउन नसक्दा संरक्षणका कुरा गर्दा विकास विरोधी देखिने, विकासका कुरा गर्दा संरक्षण विरोधी देखिने, समस्यालाई मध्यनजर गर्दै म सदस्य रहेको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले नीति र कानुन द्वारा विवादको समाधान कसरी गर्न सकिन्छ होला भनेर अध्ययन गरेको थियो। अध्ययन गर्दा हिमाल, पहाडको र

तराईका ७ वटा राष्ट्रिय निकुञ्जहरूको प्रतिनिधि मूलक ढङ्गले अध्ययन, अवलोकन गरेको थियौं। निकुञ्ज प्रभावित स्थानीय, समुदाय, जनप्रतिनिधि, निकुञ्ज प्रशासनसँग सम्बन्धित कर्मचारी, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, उपभोक्ता समिति र विज्ञहरूसँग घनिउत अन्तरक्रिया र छलफल गरेको थियौं। एक वर्ष भन्दा बढी समय लगाएर गरिएको अध्ययनबाट राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्याहरू पहिचान गरी समाधानका उपायहरू सहित यो प्रतिवेदन तयार गरिएको हो।

सम्माननीय अध्यक्षज्यू, प्रकृतिको संरक्षण र भौतिक दुवै समाज र राष्ट्रको प्रगतिका लागि आवश्यक हुन्। मेरो विचारमा दुई मध्ये संरक्षण ज्यादै महत्त्वपूर्ण हुन्छ। कारण प्राकृतिक स्रोत साधन बिना विकासको कल्पना गर्न सकिंदैन। स्वच्छ हावापानी, भूमि र जैविक विविधता जीवनका लागि अपरिहार्य तत्व र आधार हुन्। यिनको संरक्षण बिना विकास दिगो हुन सक्दैन। अन्धाधुन्ध गरिने विकासले जलवायु परिवर्तन, प्राकृतिक विपत्ति, प्रदूषण र स्रोतसाधनको कमी हुने जस्ता समस्याहरू उत्पन्न हुन्छन्। यसर्थ संरक्षण विकासको आधार हो, संरक्षण बिना विकासको भविष्य कल्पना गर्न सकिंदैन। यसको तात्पर्य प्राकृतिक स्रोतसाधनलाई मानव हितमा प्रयोग नगर्ने होइन। दुवै बीच सन्तुलन कायम गर्दै मानवीय जीवनलाई गुणस्तर युक्त बनाउन हामीसँग भएका स्रोतसाधन प्रयोग गर्नुपर्छ। यसर्थ प्रतिवेदन तयार गर्दा यी मान्यताहरू विकास र संरक्षणसँग सम्बन्धित नीति तथा कानुन सर्वोच्च अदालतबाट भएका फैसला र अन्तरराष्ट्रिय सम्झौता तथा प्रतिबद्धतालाई समेत ध्यानमा राखिएको छ। वन्यजन्तु मैत्री पूर्वाधार बनाउनु पर्ने मध्यवर्ती क्षेत्रका बासिन्दाहरूका समस्या समाधान गर्नुपर्ने, निकुञ्ज र मध्यवर्ती क्षेत्रका लागि छुट्टै विशेष भू-उपयोग नीति बनाउनु पर्ने, संरक्षणको क्षेत्रमा खटिएकालाई विशेष सुविधा दिनुपर्ने, आदि जस्ता सुझावहरूलाई कार्यान्वयन गर्न राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीति तथा कानुनमा सुधार गरियो भने धेरै हदसम्म समस्या समाधान हुन सक्छन् भन्ने विश्वास मैले लिएको छु। तसर्थ छलफलमा भाग लिएर प्रतिवेदन सर्वसम्मत पारित गरी दिनु हुन सम्माननीय अध्यक्षज्यू मार्फत माननीय ज्यूहरूलाई हार्दिक अनुरोध गर्दछु।

सम्माननीय अध्यक्षज्यू, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज अध्ययन अवलोकनमा जाँदा मध्यवर्ती क्षेत्रको जग्गा बैंकले धितो लिन मान्दैन भन्ने गुनासो सुनिएको थियो। राष्ट्र बैंकले नै धितो नलिने भनेर परिपत्र पठाएको भन्ने पनि सुनियो। यसको सत्य तथ्य के हो ? साथै शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बनाउँदा उठाइएका बासिन्दाको समस्या समाधान कहिले हुन्छ। यसको जवाफ समेत सम्माननीय अध्यक्षज्यू मार्फत सरकारसँग माग्दै आफ्नो भनाइ अन्त्य गर्दछु। धन्यवाद।

**(१४:४९ बजे) सम्माननीय अध्यक्ष:-** मानननीय सदस्य डा. अन्जान शाक्य

**(१४:५० बजे) माननीय डा. अन्जान शाक्य (मनोनीत):-** सम्माननीय अध्यक्षज्यू, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति अन्तर्गत गठित उपसमिति तथा समितिले तयार गरेको राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन सम्बन्धमा म आफ्नो विचार व्यक्त गर्न चाहन्छु। यो प्रतिवेदन महत्त्वपूर्ण छ, स्थलगत अध्ययन गरि धेरै मेहनत गरेको देखिन्छ। म यस समितिलाई यो प्रतिवेदन बारे छलफल चलाउनु भएकोमा धन्यवाद दिन चाहन्छु। आज हाम्रो अगाडि एउटा गम्भीर प्रश्न छ। के संरक्षणका नाममा विकास रोक्ने कि ? विकासका नाममा संरक्षण त्याग्ने ? मलाई लाग्छ संरक्षण र विकास द्वन्द्व होइनन्। यी त समृद्धिका दुई पाङ्ग्रा र अनिवार्य सहयात्री हुन्। निकुञ्ज वरपरका जनताको पिडा निकै गहिरो छ। एकातिर आफ्नै खेतको बाली हात्तीले नष्ट गरी दिँदा वा परिवारको सदस्य बाघको सिकार हुँदा महिनौँसम्म धाउँदा पनि राहत नपाउने अवस्था छ भने अर्को तिर घाँस, दाउरा र पानीका लागि जाँदा स्थानीयले निकुञ्ज प्रशासनको कठोर व्यवहार र कानुनी झमेला खेप्नु परिरहेको छ। नेपालको जङ्गलमा काठ कुहिएर जाने तर अरबौंको काठ विदेशबाट आयात गर्नुपर्ने यो विरोधाभास पूर्ण नीतिको अन्त्य हुनै पर्छ। प्रतिवेदनले स्पष्ट मार्ग चित्र देखाउन खोजेको छ। यद्यपि केही ठोस सिफारिसहरू गर्न चाहन्छु। तत्काल गर्नुपर्ने १ वर्ष भित्र गर्न सकिने वन्यजन्तुबाट हुने क्षतिको राहत प्रणालीलाई सरल बनाई ३० दिन भित्र सिधैं बैंक खातामा पुग्ने व्यवस्था गर्ने। वातावरणीय अध्ययन इआइए आइएलाई डिजिटल ट्र्याकिङमा लग्ने ताकी विकासका फाइलहरू महिनौंसम्म मन्त्रालयका दराजमा नथन्कीउन हुन्। मध्यकालीन २ देखि ३ वर्ष सम्म गर्न सकिने। वि.सं २०२९ को राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनलाई आजको आवश्यकता अनुसार व्यापक संशोधन गर्ने विशेषगरी मध्यवर्ती क्षेत्रका बासिन्दालाई बिमाको ग्यारेन्टी र जलविद्युत आयोजनाहरूका लागि वन प्रवेशको झन्झटिलो प्रक्रिया अन्त्य गर्ने। दीर्घकालीन ५ वर्षका लागि निकुञ्जलाई केवल निषेधित किल्ला मात्र होइन। कार्बन व्यापार र पर्यावरण पर्यटनको केन्द्र बनाएर स्थानीय तहलाई राजस्वको हिस्सेदार बनाउने। जलवायु परिवर्तनको असरले गर्दा आज निकुञ्ज भित्रका पानीका मुहान सुक्दै छन् र वन्यजन्तु बस्ती पस्दै छन्। यसैले अबको संरक्षण समुदायमा आधारित हुनुपर्छ। स्थानीय पालिकाको अनिवार्य प्रतिनिधित्व र समन्वय बिना न संरक्षण दिगो हुन्छ, न विकास नै अन्त्यमा यो प्रतिवेदन केवल दराजमा थन्किने कागजको थुप्रो नबनोस्। यसको कार्यान्वयनको अनुगमन हरेक ६ महिनामा यसै सदनमा गरियोस्। प्रकृति सुरक्षित भए मात्र मानव सुरक्षित हुन्छ र विकास भए मात्र

संरक्षण दिगो हुन्छ। यही मूल मन्त्रका साथ यो प्रतिवेदन सरकारका लागि एउटा भरपर्दो मार्गदर्शक बन्ने विश्वास म व्यक्त गर्दछु। धन्यवाद।

(१४:५२ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१४:५३ बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्षज्यू, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले सार्वजनिक नीति अध्ययन उपसमिति मार्फत राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ मा ५ परिच्छेद ४ अनुसूची सहित सबै परिच्छेदका दफा उपदफाहरूमा बुँदागत रुपमा खण्डन सहित प्रष्ट पार्न खोजिएको छ। जसमा विषयगत अनुभवी, विज्ञहरू, सरोकारवालाहरू, प्रभावित क्षेत्रका नागरिकहरू, जनप्रतिनिधिहरू लगायत, स्थलगत अनुगमनका क्रममा आएका सल्लाह, सुझावहरू संकलन र अध्ययन गरी बिस्तृत छलफलको निष्कर्ष पछि तयार पारिएको यस प्रतिवेदनको मस्यौदाले राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रका समस्या समाधानका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ। राष्ट्रिय निकुञ्जले वन र वन्यजन्तुको संरक्षण गर्ने काम मात्र नभएर। यसले प्राकृतिक सौन्दर्यता झल्काउने, वातावरण जोगाउने, विभिन्न प्रजातिका ठुला देखि साना प्राणी, जीवजन्तुहरूको सुरक्षा संरक्षणमा पनि ठुलो भूमिका रहेको हुन्छ। प्रभावित क्षेत्रमा बसोबास गर्ने र निकुञ्ज भित्र र बाहिर काम गर्ने मान्छे र वन्यजन्तुसँगको द्वन्द्व पनि उत्तिकै छ। तथापि पर्यटन, प्रवर्धन, उत्पादन र रोजगार मुलक कार्यक्रमहरूले मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने प्राय नागरिकहरूको स्तरमा महत्त्वपूर्ण सुधारहरू पनि भएका छन्। तर पनि सरकारले निकुञ्ज सम्बन्धी ठोस नीति र कानुन बनाउन नसक्दा समस्याहरू वृद्धि हुँदै गइरहेको पाइन्छ। विवादहरू उत्पादन हुने समस्या समाधान नहुने कारण पनि यही नीति नहुनु हो। यसै सन्दर्भमा संघीयता सबलीकरण राष्ट्रिय सरोकार समितिको निकुञ्ज अनुगमनका बेलामा आएका थुप्रै समस्या मध्येको सबैभन्दा ठुलो गुनासो निकुञ्जका सबै अधिकार केन्द्रमा हुने, प्रदेशले गर्नुपर्ने काम जति प्रदेशले गर्नुपर्ने, अधिकार विहीनको जिम्मेवारीताले समस्या समाधान गर्न नसिकिने भएकाले संघको अधिकार, प्रदेश र स्थानीय तहसम्म हुनुपर्ने नीति बनोस् भन्ने सुझाव आएको थियो। स्थानीय बासिन्दाहरूले पनि आफूहरूले न्याय नपाएको गुनासो गरेका थिए। यी सबै समस्याहरूलाई समाधान गर्नका लागि यस प्रतिवेदनको मस्यौदा कोसे ढुङ्गा बन्न सकोस्। समितिका सभापतिज्यू लगायत सदस्यज्यूहरू, उपसमिति सचिवालय सबैलाई यो प्रतिवेदन तयार पार्ने सबैलाई हार्दिक धन्यवाद दिँदै यस प्रतिवेदनको मस्यौदालाई नीतिगत र कानुनी

रुपमा छिटो भन्दा छिटो लागु गर्न सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१४:५६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुमित्रा वि.सी.

(१४:५६ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति अन्तर्गतको राष्ट्रिय नीति उपसमितिको संयोजक माननीय मदन कुमारी शाह (गरिमा) ले पेश गर्नु भएको प्रतिवेदन समितिले छलफल गरेर र आज यो सभामा छलफलको लागि जुन आह्वान गरेको छ। सर्वप्रथम म यो प्रतिवेदन प्रति हार्दिक समर्थन जनाउन चाहन्छु। यहाँ थुप्रै कुराहरू यो प्रतिवेदनले थुप्रै कुराहरू बोकेको छ र ७ वटा निकुञ्जमा हामीले स्थलगत अध्ययन अनुगमन गरेर, त्यहाँका विभिन्न सरोकारवालाहरूसँग छलफल गरेर, त्यहाँका समस्याहरूको बारेमा र नीतिगत समस्या, कानुनी समस्या र व्यवहारिक समस्या यी सबैका बारेमा हामीले मसिनो गरि छलफल गरेर जुन यो प्रतिवेदन तयार भएको छ। यहाँ एउटाको अधिकारका लागि लाग्दा अर्कोको अधिकार हनन हुने कुराहरू हामी सबैले बुझेका छौं। यो निकुञ्ज २०२९ को कानुन अनुसार चल्नु पर्दाखेरि कतिपय अहिलेको परिस्थिति, अहिलेको सबै कुरोहरू परिवर्तनसँग यसले मेल खाँदैन र यो हाम्रो गहन छलफल, यो सार्वजनिक नीति प्रतिष्ठान विज्ञहरू र सरोकारवालाहरू, निकुञ्ज प्रमुखहरू सबैलाई राखेर हामीले छलफल गरेर यो जुन खालको सुझाव हामीले दिएका छौं। यो अनुसार कतिपय अहिले हामीसँग भएका मौजुदा कानुनहरूले अप्ठ्यारो पारेका कुराहरू छन् र यी कानुनहरूलाई संशोधन गरेर पनि हामीले यो सुझावहरू पेश गरेका छौं। यो निकुञ्जमा काम गर्ने महानुभावहरूको सुझाव चाहिँ के छ भने ढलेको काठ त्यहाँ धमिरालाई पनि चाहिन्छ। धमिराको पनि अधिकार हो, भन्ने खाले कुरा आएको छ र हामीले आखिर त्यो सडेर जानु भन्दा त्यसलाई सदुपयोग गर्दा राम्रो हुन्छ भनेर पनि हामीले छलफल गर्यौं। यसको समस्या समाधानको लागि मलाई लाग्छ। यो अहिलेको परिस्थितिले यो प्रतिवेदन यहाँ ढिलो आएपनि अब आउने सरकारले यी सबै कुराहरूको आवश्यकता ठानी यो प्रतिवेदन अनुसारको कतिपय कानुनहरू कार्यान्वयन गर्ने र एक अन्तर्गतका मन्त्रालय समन्वय गर्ने। अन्तर सरकार समन्वय गरेर यो समस्या समाधान गर्नेछ भन्ने म (.....समय सकिएको।)

(१४:५९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य डा. बेदुराम भुसाल।

(१५:०० बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, हाम्रो मुलुकको ३३.३९ प्रतिशत भूभाग संरक्षित क्षेत्रमा रहेको छ। जसमा (..... अडियो नसुनिएको।)

(१५:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य नारायण दत्त मिश्र।

(१५:०३ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले बडो मेहनतका साथ राष्ट्रिय निकुञ्जहरूको नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ प्रस्तुत गरेको छ। यो प्रतिवेदनले औंल्याएका विषयहरूमा गम्भीरता साथ छलफल गरि सरकारले लागु गर्ने हो भने राष्ट्रिय निकुञ्ज भित्र हालसम्म देखिएका समस्याहरू समाधान गर्न सजिलो हुनेछ। नेपालमा राष्ट्रिय निकुञ्जहरू जैविक विविधता संरक्षणको लागि अत्यन्त महत्त्वपूर्ण मान्यता पनि नेपालको सन्दर्भमा त्यसलाई देशको आय आर्जनसँग मिलाएर लैजान सक्नुपर्ने नितान्त आवश्यक छ। तसर्थ जैविक विविधताको महत्त्वलाई धेरै घट्न नदिएर बूढो रुखहरूलाई निकाल्ने र त्यसको ठाउँमा नयाँ बिरुवाहरू रोप्नको साथै ढलाबडा संकलन गरेर समुदायसँग मिलेर विभिन्न किसिमका औषधी बिरुवाहरूको उत्पादन र जङ्गलको वरिपरि तराईमा आँपका बिरुवाहरू तथा पहाड र हिमाली क्षेत्रमा ओखर, स्याउ आदिका बिरुवाहरू रोप्न लगाउन पर्ने पनि देखिन्छ। हाम्रो देशमा रहेका निकुञ्जहरूका प्रमुख समस्याहरू गैंडा, हात्ती जस्ता दुर्लभ जनावरहरू मारिने एउटा समस्या छ भने वन विनाश र अतिक्रमण गर्ने समस्या अर्को हो। त्यस्तै मानव र वनजन्तु द्वन्द्वलाई व्यवस्थित गर्नु पनि अर्को विकराल समस्या हो। बाघले वर्षेनी मानिसहरूमाथि आक्रमण गर्ने र मारिरहने समस्या। यी यस्तै अव्यवस्थित होटेल र पर्यटनको अव्यवस्थित विकास जस्ता समस्याको समाधानका लागि कडा सुरक्षा व्यवस्था। ड्रोन र सिसिटिभि क्यामेरा समेतको प्रयोग, सेना र वनरक्षकको क्षमतामा अभिवृद्धि, स्थानीय समुदायमा मेरो, हाम्रो हो भन्ने भावनाको विकास गरी रोजगारी र आय आर्जनका कार्यक्रमहरू। तारबार र खाल्टा सहित चेतावनीका आधुनिक प्रणालीहरूको विकास पर्यटनको दिगो व्यवस्थापन, विद्यालय स्तरदेखि संरक्षणको शिक्षा प्रदान गर्नु र मिडिया र अभियान मार्फत सचेतनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

नेपालमा राष्ट्रिय निकुञ्ज संरक्षण गर्न सरकार, स्थानीय जनता, निजीक्षेत्र र अन्तरराष्ट्रिय संस्थाको सहकार्य अनिवार्य छ। हाल सम्म एउटा मात्र सिकारको आरक्ष खुला छ। यसको संख्या बढाएर पर्यटनको आकर्षण बढाउनु पर्ने देखिन्छ। अर्को एउटा महत्त्वपूर्ण कुरा के भन्न चाहन्छु भने हामीले बाघको खेती गर्न खोजेका हौं कि ? हात्तीको खेती गर्न खोजेका हौं कि ? के हो ? बाघले यत्रो मान्छेहरू वर्षेनी कति मानिसहरू मारिरहेको छ। त्यसकारणले हामीलाई कति बाघको आवश्यकता हो, कति हात्तीको आवश्यकता हो, यो हामीले अरू कसैको लागि पाल्दिनु पर्ने हो कि, यसलाई सुरक्षित रूपले बाघ र हात्तीलाई राख्ने व्यवस्था गर्न सकिने हो कि होइन। तसर्थ यतातिर पट्टि पनि सरकारको ध्यान भनेर भन्दै आफ्नो मन यही टुङ्याउँछु। हस्त धन्यवाद। जय नेपाल।

**(१५:०६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य सुरेश कुमार आलेमगर।

**(१५:०६ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्षज्यू, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले तयार पारेको यो प्रतिवेदन राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि हामी छलफल गरिरहेका छौं। यो प्रतिवेदन सरसरती हेर्दा निकै गहकिलो छ र यसले एउटा उपसमिति बनाएर माननीय मदन कुमारी शाह (गरिमा) ज्यूको संयोजकतामा एउटा उपसमिति बनाएर छलफलहरू आदि इत्यादि गर्‍यो। त्यसले सही निचोड निकालेको छ भन्ने मलाई लाग्दछ। ६१ पृष्ठको ५ परिच्छेदमा निर्वाचन भएको यो प्रतिवेदन ..... मलाई लाग्दछ। यसको क्रममा यस उपसमितिले ७ वटा निकुञ्जहरूको स्थलगत अनुगमन गरेको छ। विभिन्न व्यक्ति र संस्थाहरूसँग छलफल गरेको छ। त्यसको आधारमा नेपाली जनताले विशेष गरेर सरोकारवालाहरूले झेलिरहेको एउटा समस्या।

समस्या र विकास बीचको द्वन्द्वका बारेमा छलफल गरेर एउटा निचोड निकालेको छ। यद्यपि यसो गरिरहँदा यसले थरै कुराहरूको बारेमा पनि त्यति सारो ध्यान पुर्‍याएको देखिँदैन। तै पनि मलाई के लाग्छ भन्दाखेरि यसको निचोड सहि छ। यसको सभापतिमा चाहिँ मानव जनयुद्धमा हिँड्नु भएको माननीय  हुनुहुन्छ। त्यसैले होला यो वन निकुञ्ज छनौटमा परेको छ। सायद अरू सभापति भएको भए त थपक्क  बस्नु हुन्थ्यो होला घरमा। तर उहाँ पर्नु भयो माया प्रसाद शर्मा। त्यसैले कुदेको कुदैं कहिले भट कहिले वनमा। कहिले उहाँ दार्चुला जानुहुन्छ, कहिले कता जानुहुन्छ माननीय सभापतिज्यू जे होस्। यस्तो यस्तो निचोड निकालेको छ। यो निचोड सहि छ। यसले के भन्छ त भन्दाखेरि १३ वटा

राष्ट्रिय निकुञ्जहरूले ८ प्रतिशत मात्र भूभाग ओगट्छ। त्यसैले सकेसम्म त्यो भूभागमा विकास गर्ने कामहरू नगर्दा राम्रो गर्नुपर्छ भने पनि केही स्थानहरूमा लागत विश्लेषण र स्थानीय समुदायको जीवन स्तरमा गुणात्मक सुधार पुग्ने, राष्ट्रिय अर्थतन्त्रमा विशेष योगदान पुग्ने भएमा परिस्थितिय प्रणालीमा न्यून क्षति पुग्नेगरी विकासका कार्यहरू गर्नुपर्ने। त्यसैगरी, यस्ता क्षेत्रलाई विशेष क्षेत्रका रुपमा परिभाषित गर्ने, विकासका कार्यहरू गर्नु पर्ने भन्ने जुन सुझाव दिएको छ, ३५ बुँदे सुझावहरू मनोनुकूल सहि र संरक्षण छन् भन्ने धारणा राख्न चाहन्छु। यद्यपि यसो गरिरहँदा यो प्रतिवेदन तयार पारी रहँदा स्थानीय निकुञ्जले भन्दापनि त्यसका निकुञ्जले भन्दा पनि त्यसका संरक्षण कर्ताहरूले, पदाधिकारिहरूले जुन उत्पन्न अनेत्र त्यहाँका छिमेकी स्थानीय जनतालाई गरेका छन्। त्यो बारेमा अलिकति मौन देखिन्छ र पीडकहरू प्रति नरम रवौंया अपनाएको पनि देखिन्छ र यी क्षेत्रहरूमा धेरै जस्तो आदिवासी जनजातिहरूको बसोबास छ। यो बारेमा पनि यो प्रति उल्लेख छैन। तर समग्रमा यो प्रतिवेदन महत्त्वपूर्ण छ। यसलाई पारित गर्नुपर्छ भन्ने धारणा (.....समय सकिएको।)

(१५:०९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सोनाम गेल्जेन शेर्पा।

(१५:१० बजे) **<u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले ल्याएको यो प्रतिवेदन माथि केही कुरा राख्न चाहन्छु। यो प्रतिवेदन अहिले राष्ट्रिय निकुञ्ज ऐन, २०२९ परिमार्जन गर्ने सिलसिलामा आएको छ। र त्यसैगरी मध्यवर्ती क्षेत्र व्यवस्थापन सम्बन्धी नियमावली, २०५२ र संरक्षण क्षेत्र व्यवस्थापन सम्बन्धी नियमावली, २०५३ लाई पनि अब अलिकति परिमार्जन गर्ने सम्बन्धमा होम वर्क भइरहेको सन्दर्भमा यो प्रतिवेदनले ती होम वर्क गर्दाखेरि त्यही प्रतिवेदनले केही न केही भए पनि कुरालाई समेट्ने छ भन्ने कुरा आशावादी छु। र विशेषगरी अब यो संरक्षण क्षेत्रमा हामीले बुझ्नु पर्ने कुरा के हो भन्दाखेरी हामी किन संरक्षण गर्दैछौं भन्दाखेरी हामी बाँच्नको लागि हामी संरक्षण गर्दैछौं, संरक्षण हाम्रो विनाश होइन, हामी बाँच्नको लागि आधार हो, भन्ने कुरा हामीले मनन गर्न जरुरी छ। त्यसकारण हामी किन संरक्षण गर्छौं भन्दाखेरि यो अप्रत्यक्ष रुपमा हामी बाँच्नको लागि हामी संरक्षण गरिरहेका छौं। तर यस भित्र पनि नीति नियमका कुराहरूले अलिकति गम्भीर रुपमा प्रश्न वाचक चिन्हहरू उठाएको छ। नीति नियमले गर्दाखेरि हामीले अलिकति काम गर्न संरक्षण क्षेत्र भित्र काम गर्न गाह्रो छ। त्यसको लागि पनि अध्ययन हुन अलिकति जरुरी छ र यो अध्ययन केही न केही हदसम्म यो समितिले गरेको छ। त्यसको लागि म पूर्ण फेरी धन्यवाद दिन चाहन्छु। उपसमिति र समितिलाई

धन्यवाद दिन चाहन्छु। अब विशेषगरी हाम्रो क्षेत्रमा रहेको मध्यवर्ती क्षेत्र र विशेषगरी मध्यवर्ती क्षेत्रमा उठेको राजस्वको त्यस क्षेत्रको सस्टेनको लागि ३०% देखि ५०% सम्म त्यहाँ नै खर्च गर्नुपर्ने व्यवस्था छ। त्यो चाहिँ सरकारले प्रतिबद्धताका साथ खर्च गर्नुपर्छ। किनभने कानुनमा एउटा लेख्ने तर सरकार अर्को बाटोमा लाग्ने यो कानुन बनाएर मात्र हुँदैन त्यसको कार्यान्वयन पक्ष पनि हुनुपर्छ। त्यसकारण ३०% देखि ५०% सम्म त्यही क्षेत्रमा खर्च गर्ने व्यवस्था हुनुपर्छ र यसको लागि स्थानीय तहसँग समन्वय हुनै पर्छ। तर स्थानीय विगतमा पनि समन्वय नभको होइन। तर स्थानीय तह अलिकति नआएको हुनाले मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको नियमावलीमा स्थानीय तह भन्दा पनि तपाईंलाई जिल्ला विकास समितिको प्रतिनिधि पनि त्यहाँ मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको पद हेर्ने सदस्य हुने व्यवस्था छ। त्यसैगरी अब स्थानीय तह आएको हुनाले स्थानीय तहको प्रतिनिधि पनि त्यो मध्यवर्ती क्षेत्र व्यवस्था समितिको त्यहाँ पद हेर्ने सदस्यको रुपमा राख्नुपर्छ छ भन्ने हो। त्यसमा प्रदेश सभालाई कसरी राख्ने भन्ने कुरामा पनि हामी छलफल गर्नुपर्छ र विशेषगरी नेपालमा आउने पर्यटन मध्ये ७० प्रतिशत पर्यटन राष्ट्रिय निकुञ्जमै जाने गरेको छ। त्यसले गर्दाखेरि आर्थिक उन्नति भएन भन्ने कुरा होइन। राष्ट्रिय निकुञ्जको जग्गा मध्यवर्तीमा भएको जग्गाहरू बैंकमा राख्न पाइँदैन भन्ने कुरा उठेको छ त्यो गलत हो। म पनि मध्यवर्ती क्षेत्रमा बसेको हुनाले आफ्नो नम्बरी जग्गा आफूलाई लालपुर्जा भएको जग्गा बैंकमा राख्न पाइन्छ। पैसा झिक्न पाइन्छ। मैले पनि पैसा झिकेको छु। म पनि मध्यवर्ती क्षेत्रमा बसेको छु। तर राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र बसेका तर अनुकृति रुपमा त्यो जग्गाहरू पास नभएको अधिकरण गरेर बसेको मान्छेहरूको जग्गा चाहिँ बैंकमा पनि राख्न पाइँदैन कहीं पनि राख्न पाइँदैन। त्यो त कानुनले नै व्यवस्था गरेको कुरा हो र समय पनि सिद्धियो धेरै कुराहरू थियो। धन्यवाद।

**(१५:१३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य जयन्ती देवी राई।

**(१५:१३ बजे) <u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-** सम्माननीय अध्यक्ष महोदय, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले जुन एक वर्ष लगाए निकै नै मेहनत गरेर यो प्रतिवेदन ल्याएको छ। त्यसको निम्ति म उपसभापति र सभापतिज्यू लगायत संयोजक सबैलाई धन्यवाद दिन चाहन्छु। यो नितान्तै र निकै महत्त्वपूर्ण विषय र राज्यको ध्यान नगई रहेको विषय हो। जसले गर्दाखेरि यो पर्यटकीय हिसाबले त्यसपछाडि अब यो वातावरण हिसाबले, जैविक विविधताको हिसाबले, यो अहिले जलवायु परिवर्तनको हिसाबले यी सबै कुराले यो एकदमै महत्त्वपूर्ण

विषय हो। र यो अहिले समितिले, उपसमितिले अध्ययन गरेर यसलाई यसका समस्याहरू र यसका समाधान सहित सुझाव सहित दिएको हुनाले म गएर सरकारलाई यसलाई कार्यान्वयनमा छिटो भन्दा छिटो लैजाउँन भन्न चाहन्छु र यसलाई हामीले यो समस्या छ। अब यो हात्ती जस्तो, बाघ जस्तो अहिले त निकुञ्ज भित्र पर्दैन होला बाँदर। त्यसले पनि यति धेरै स्थापित गरेको जस्तो मान्छेहरूलाई ऊ स्थापित हुनुपर्ने ठाउँमा उसले मान्छेहरूलाई स्थापित गरिरहेको छ। र अब यो बाघहरू कति पाल्ने ठिकै हो माननीयज्यूले भनेको जस्तै। हामीले यसलाई संरक्षण संरक्षण मात्रै भन्यो कति पाल्ने हात्तीलाई कति पाल्ने। अब त्यो राज्यले त्यसको स्रोत र एकदमै धेरै खर्च पनि भइरहेको छ। अब यो कुराहरूमा पनि अलिकति कानुनहरू बनाउनु पर्छ होला। यो संरक्षण, प्राकृतिक स्रोत साधन संरक्षण बिना मान्छेहरू सुरक्षित हुँदैनन्। त्यसो भएको हुनाले यसलाई व्यवस्थापन भनेर जाने हो कि मलाई अलिकति त्यस्तो पनि लागेको छ। यसलाई पालि मात्र राख्ने अब हामीले यसको बारेमा केही नसोच्ने कति पाल्ने, के गर्ने ? कसरी व्यवस्थापन गर्ने भन्ने खालको यसलाई कानुन बनाउनु पर्छ होला लाग्छ। धन्यवाद।

**(१५:१५ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य गंगा कुमारी बेलबासे।

**(१५:१६ बजे)** **<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२, यो अध्ययनको हिसाबले ८१ देखि नै सुरु भएर अहिले सम्म आउँदाखेरि यो प्रतिवेदन हाम्रो हातमा र यहाँ हाउसमा आइराखेको छ। यसले धेरै विषयहरूमा अध्ययन, छलफलहरू गरेको छ र यो राष्ट्रिय निकुञ्ज सम्बन्धी अध्ययन राष्ट्रिय सरोकार तथा विधायन समिति तत्कालीन, उसले पनि अध्ययन एउटा प्रतिवेदन हामीले अध्ययन गरेका थियौ र बारम्बार राष्ट्रिय निकुञ्जको बारेमा ऐन संशोधन गर्नुपर्छ। नयाँ ऐन ल्याउनुपर्छ भनेर विषयहरू उठिराखेको छ। हामी यो खोजबिन गरिराखेका छौं। विषयहरूलाई कहाँ कसरी जनतालाई सुविधा दिन सकिन्छ। बाघ, गैंडाहरूबाट मान्छेहरू मर्नेबाट कसरी जोगाउन सकिन्छ भनेर हामीले धेरै पटक छलफल गरेका छौं। यसमा हेर्दाखेरि दुई वटा अखेटो संरक्षण सम्बन्धी र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन गरेर दुइटा ऐन रहेछन्। नियमावली, नीति तथा कार्यनीति, निर्देशिका, मापदण्ड, कार्यविधि, रणनीति, मार्गदर्शन, आदेश विविध गरेर ५१ वटा नीति रहेछ। नीति नभएको होइन, ५१ वटा नीति छन्। यसलाई एकीकृत गरेर नया विधेयक ल्याएर विधेयक माथि छलफल गरेर ऐन बनाउन जरुरी छ। यो हजुरबा भन्दा अगाडिको पालामा आएको ऐन। त्यसपछि बुवा आउनुभयो, त्यसपछि छोरा आयो, अहिले नाति

हुर्कि राखेको छ। तर यसैले गमन गरिराखेको छ। यसले गर्दाखेरि जनताले दुःख पाइराखेका छन्। क्षतिपूर्ति पाएका छैनन्। नदीजन्य उत्पादन प्रयोग गर्न पाएका छैनन् र हामीले चितवन राष्ट्रिय निकुञ्ज भित्र एउटा धूलो रहित बाटो बनाउन सकेका छैनौं र वन ऐन पनि संशोधन गर्ने भनेर सरकारले भनिराखेको छ। यो सरकारले ल्याउँदैन भने हामीले यस्तो नीतिगत कामहरू गरिरहेका छौं। यही राष्ट्रिय सभामा कुनै समितिले ड्राफ्ट गरेर, राष्ट्रिय सभाले तयार गरिदिएर सरकारलाई बुझाएर सरकारले ओनरसिप लिएर यस्तो नीति र कानुन नाउनु पर्छ होला भन्ने मलाई लाग्छ। यो भन्दा धेरै बोल्न पनि जरुरी छैन। बोल्दा बोल्दै हामी थाकिसकेका छौं। यसको समाधान भनेको राष्ट्रिय निकुञ्ज सम्बन्धी नयाँ कानुन ल्याउन बाहेक यसको विकल्प छैन भन्ने कुराहरू राख्दै मेरो भनाइ अन्त्य गर्छु। हस् धन्यवाद।

(१५:१८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य रुकमिणी कोइराला।

(१५:१९ बजे) **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले):**- सम्माननीय अध्यक्षज्यू, आज सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले छैठौं वार्षिक प्रतिवेदन सभापति माया प्रसाद शर्मा द्वारा प्रस्तुत गर्नुभएको छ। यो प्रतिवेदन समितिका सचिवालयले निकै मेहनतका साथ यसलाई उत्कृष्ट बनाउनु भएको छ र यसको लागि यो महत्वपूर्ण प्रतिवेदन हो त्यसैले यसका लागि सचिवालयलाई र समितिलाई धन्यवाद दिँदै प्रतिवेदनलाई स्वागत सम्मान गर्न चाहन्छु। यो प्रतिवेदनमा मुख्यतः सात वटा राष्ट्रिय निकुञ्जको अनुगमन र स्थलगत अनुगमन गरेर जनताका समस्याहरू पहिचान गरेको छ। सरकारी आश्वासनको काम, सार्वजनिक नीति अध्ययनको काम, प्रत्यायोजित विधायनको काम सम्बन्धी प्राय सबै मन्त्रालयहरूसँग व्यापक छलफल गरेको छ। यस्तै ऐतिहासिक पुरातात्विक सम्पदा, राष्ट्रिय महत्वका दस्तावेज, अभिलेख व्यवस्थापन उपसमितिले पनि खोजी गर्ने काम कार्य जारी गरिरहेको छ। उपसमितिमा आर्थिक कमीका कारणले पर्याप्त काम गर्न नसकिएको यस्तै राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा मानव वन्यजन्तु द्वन्द बढ्दै गएको छ, त्यसलाई नियन्त्रण गर्न योजना ल्याउनुपर्ने। नदी कटानले पनि त्यस्तै समस्या परेको छ भन्दै यो प्रतिवेदनको समर्थन गर्न चाहन्छु र सबै सर्वसम्मतले पास गर्दिनहुन पनि अनुरोध गर्दछु। धन्यवाद।

(१५:२० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य भुवन बहादुर सुनार।

(१५:२१ बजे) **मानननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति द्वारा प्रस्तुत राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ निकै राम्रोसँग साथीहरूले अध्ययन गरेर प्रस्तुत भएकोमा समिति र उपसमितिलाई धन्यवाद दिन चाहन्छु। यो ठूलो मिहिनेतले आएको छ। र यो नितान्त प्राविधिक कुरो थियो र पनि यसलाई मेहनत गरेर ल्याउनु भएको छ। अहिले यो समयमा वन्यजन्तु र मानव बीच तीव्र द्वन्द भएको, बाघले मान्छे खाएको दुःखद समाचार सुनिरहनु परेको। हात्ती, गैंडा, बाघहरूले गर्दा मानिसहरू बसाई सरिरहेको अवस्था चित्रण भइरहेको छ। यस्तो अवस्थामा राष्ट्रिय निकुञ्ज सम्बन्धी अध्ययन गर्ने कुरा र यसलाई रिपोर्ट बनाएर ल्याउने कुरा महत्वपूर्ण छ। र राज्य निकुञ्ज तराई, पहाड, हिमाली हावापानी तथा पर्याय पर्यावरण अनुसारको राष्ट्रिय निकुञ्ज वन्यजन्तु आरक्षण, सिकार आरक्षण, जलोदर क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रमा विभक्त भएको महसुस गर्नु भएको छ। यो वन, वन्यजन्तु, वनस्पति तथा जैविक विविधताको संरक्षण, समर्धन गर्ने कार्य भइरहेको ले प्रस्तुत गरेको छ। तर दिन प्रतिदिन मानव र वन्यजन्तु बीचको द्वन्दको खाडल बढ्दो छ। भूउपयोगमा, राजस्व बाँडफाँटमा, राहत तथा क्षतिपूर्ति सम्बन्धी को समस्या, निकुञ्ज क्षेत्र भित्र भौतिक संरचना निर्माण, वन पैदावार उपयोगमा जटिलता पैदा भएको छ। त्यसले गर्दा यो बफर जोनका समस्याहरू पनि यथावत छन् र यी हुँदाहुँदै पनि इकोसिस्टमलाई सन्तुलनमा ल्याउनको लागि राष्ट्रिय निकुञ्जको स्थापना गरिएको हो। यो अत्यन्तै महत्वपूर्ण हुन्छ र त्यसको वनको एक तिहाइ भाग निकुञ्जले ढाकेको छ। यस्तो यो प्राणीहरूको संरक्षणको लागि र प्राणीहरूलाई दिने वातावरणको लागि पनि निकुञ्ज आवश्यक भएको कुराहरू प्रस्तुत भएको छ। हुन त हामीले केही समय अघि सुनेका थियौ, हाम्रो देशका प्रधानमन्त्रीले मान्छे खुवाएर बाघ पाल्न सकिँदैन भन्ने पनि सुनेका थियौ। र पनि के हो त भन्दा हामीलाई कति आवश्यक छ वन्यजन्तुहरू? त्यस्तै गरेर बाघको कति आवश्यकता छ? यी विषयमा पनि रिपोर्टहरू आउनुपर्छ। हामीले धेरै पाल्न सक्ने, हाम्रो क्षेत्रले सक्छ कि सक्दैन? भ्याउँछ कि भ्याउँदैन?

(१५:२४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे

(१५:२४ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले उपसमिति समेत बनाएर सात वटा राष्ट्रिय निकुञ्जको अध्ययन गरेको थियो। त्यो अध्ययनमा उहाँहरुले सरोकारवालाहरूसँग,

त्यहाँको कर्मचारीसँग, स्थानीय सरकारसँग, प्रदेश सरकारसँग गहिरो छलफल गरेको कुराहरू त्यहाँ राख्नु भएको छ। यो राष्ट्रिय निकुञ्ज, वन र वन्यजन्तु संरक्षणको साथै हामीलाई धेरै फाइदा पुऱ्याएको क्षेत्र हो। यसमा विशेष गरि चितवन राष्ट्रिय निकुञ्जको कुराहरू गर्दाखेरिमा चितवन राष्ट्रिय निकुञ्जको त्यहाँको जनावरको कारणले र त्यो राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्ने वनको कारणले गर्दाखेरिमा त्यहाँ फलेको निगुरो सम्म टिपेर हामीले बेच्न पाइँदैन भन्ने चितवनको माडीको जनताहरूको आवाज हामीले सुनेका थियौं। र त्यस्तै गरी यो चितवन देखि हाम्रो त्रिबिडी धाम सम्म जाने बाटो पनि राष्ट्रिय निकुञ्जमा पऱ्यो भनेर रोकिएको धेरै वर्ष भयो। यसरी विकासलाई पनि केही अवरोधहरू गरेको कुरा पक्कै छ र त्यस्तै गरि बर्दिया राष्ट्रिय निकुञ्जले बाघ आतङ्कले गर्दा हिजो अस्ति मात्रै दुई जना मान्छे माऱ्यो। गुलरिया डरको बस्ती होइन सुरक्षित गाउँ चाहियो भनेर आन्दोलन गरेको अहिलेको अवस्था हो। त्यसले गर्दा सगरमाथाले देशलाई चिनाएको छ। त्यहाँको पर्यटन क्षेत्रले आय आर्जन भएको छ होला। धेरै राम्रा कामहरू भएका छन् तर बाघ, बाँदर, हात्ती, गैंडाको आतङ्कले दिन प्रतिदिन मान्छेहरूको जिउ गइरहेको छ, मासिरहेको छ।

मान्छेलाई बेरोजगारी बनाएको छ। खेती गर्न योग्य खेती गर्ने जमिनहरू छोडेर मान्छे हिंड्न पर्ने बाध्यता भएको छ। यो कुरालाई सरकारले मनन गर्नु पर्ने भएको छ र नीति निर्माण गर्दाखेरिमा पनि विकासलाई पनि अवरोध नहुने गरि, मानवलाई पनि क्षति नहुने गरि देश र जनताको सर्वोत्तम हितमा हाम्रा नियमहरू, नीतिहरू बनाउनु पर्ने आवश्यक भएको छ। त्यसैले गर्दा म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। सहज र सरल रूपमा यी समस्याको समाधान खोजियोस् भन्न चाहन्छु। धन्यवाद।

**(१५:२६ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य नर बहादुर विष्ट।

**(१५:२७ बजे)** **<u>माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, हामी यो सार्वजनिक नीति तथा प्रत्यायोजित समितिको सार्वजनिक नीति समिति अध्ययन उपसमितिले प्रतिवेदन पेश गरेको प्रतिवेदन माथि हामी छलफल गर्दै गइराखेका छौं। निश्चित रूपमा नेपालमा १२ वटा राष्ट्रिय निकुञ्जहरू रहेका छन्। संसारमा पहिलो १८७२ मा अमेरिकामा घोषणा भएको रहेछ। त्यसपछि यसको १०० वर्ष पछि नेपालमा चितवन राष्ट्रिय निकुञ्ज घोषणा भएको

हामीले पाउँछौ। र हाल सम्म १२ वटा राष्ट्रिय निकुञ्जहरू रहेका छन्। एक वन्यजन्तु आरक्षण, एक सिकार आरक्षण र सात वटा संरक्षण क्षेत्र र १३ वटा मध्यवर्ती क्षेत्र घोषणा भएको छ।

जसरी यो संविधान अनुसार र जसरी संरक्षण र वातावरणीयलाई आफू अनुकूलतामा बनाउनको लागि राज्यले जसरी यो २०२९ को ऐनलाई संशोधन पनि गरेको छैन कि नियमावली, कार्यविधि कार्यदिश मार्फत अहिले यी सबै १२ वटा निकुञ्जहरू चलाएकाहरूले पायौ र त्यसैले म के भन्न चाहन्छु त भन्दाखेरि तत्काल यसलाई २०७२ को संविधान अनुसार राष्ट्र निकुञ्जलाई संरक्षण र प्रवर्धन र पर्यटकीय देखि लिएर त्यहाँका वन्यजन्तु र मानव बीचको द्वन्दलाई कसरी समाधान गर्न सक्नुपर्छ भन्ने कुराहरू र विशेष गरेर समस्याको मूल समस्या भनेको यो जुन मध्यवर्ती क्षेत्र छ र निकुञ्ज पछि बस्ती पहिला थियो तर अहिले त्यो निकुञ्जले बस्ती माथि हस्तक्षेप गर्छ तर बस्तीले आफ्नो अधिकार प्रयोग गर्न पाएको छैन। त्यसैले नीतिगत ढङ्गले हामीले घोषणा गर्दाखेरि ऐन बनाएर मात्रै जनताको अधिकारलाई संरक्षित गर्ने र उनको सुरक्षित गरेर मात्रै बनाउनु पर्छ। यो हामी हाम्रो सरसरती यो अध्ययनले के देखाउँछ त भन्दाखेरि यहाँ सबै अध्ययन आएको छ। त्यसैले यी मेन कुरा इआइए र आइ गर्नको लागि ठूलो अहिले विकास र निकुञ्ज बीचको द्वन्द छ कि वर्षौं दिन यो कुनै टाइम नलाग्ने चीजलाई पनि वर्षौं दिन अड्काएर बसिराखेको अवस्था छ। त्यसलाई सरलीकृत र सहज तरिकाले हामीले यहाँ पनि भनेका छौं कि त्यसको मापदण्डलाई उल्लङ्घन गर्नेलाई तपाइको अलि कडा कानुन बनाउनु पर्छ भनेर हामीले प्रतिवेदनमा पनि राखेका छौं।

त्यसैले म सम्माननीय अध्यक्ष मार्फत के भन्न चाहन्छु त भन्दाखेरि तत्काल तपाइको चुनाव पछिको आउने सरकारले यो राष्ट्रिय निकुञ्ज ऐन, २०२९ लाई संशोधन गरेर नयाँ ऐन ल्याउन जरुरी छ र समग्र यो ऐन जुन हाम्रो प्रतिवेदन छ, त्यो प्रतिवेदन मिहिनतापूर्वक आएको छ भन्ने कुरा राख्दै आफ्नो भनाई अन्त्य गर्छु। हस् त धन्यवाद।

**(१५:३० बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

**(१५:३० बजे)** **<u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ ले पहिचान गरेका नीतिगत समस्या र सुझाएका समाधान बारेमा धारणा राख्न

चाहन्छु। नेपालको कुल क्षेत्रफलको २३.२९ प्रतिशत फैलिएको वन क्षेत्र मध्ये १२ वटा राष्ट्रिय निकुञ्जले ८ प्रतिशत भूभाग मात्र चर्चेको छ।

सात वटा निकुञ्जहरूको स्थलगत अवलोकन, राष्ट्रिय निकुञ्ज ऐन, २०२९, सङ्कटपन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३, वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८० नीति, नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि, मार्गदर्शन लगायतका प्रत्यायोजित विधायनहरूको अध्ययन, अवस्था र सरोकारवाला वन मन्त्रालय विभाग, राष्ट्रिय योजना आयोग, नीति अनुसन्धान प्रतिष्ठान, प्राकृतिक स्रोत तथा वित्त आयोग, वन हेर्ने मन्त्रालय, विश्व वन्यजन्तु कोष, इसिमोड, सामुदायिक वन उपभोक्ता महासंघ, जनता र स्थानीय जनप्रतिनिधिहरूसँग छलफल र अन्तरक्रियाबाट प्राप्त सुझावका आधारमा यो प्रतिवेदन आएको छ। भौतिक पूर्वाधार निर्माण, खानी खनिज पदार्थहरूको सङ्कलन, उपभोग अन्तर तह राजस्वमा बाँडफाँड, वन्यजन्तुबाट भएका क्षतिको राहत पुर्नस्थापना, वन्यजन्तुको सङ्कलन र उपभोग, निकुञ्ज व्यवस्थापनसँग सम्बन्धित ५८ वटा नीतिगत समस्याहरू पहिचान प्रतिवेदनले गरेको छ। विकास र संरक्षणका बीचमा रहेका समस्याहरू निरपेक्ष विकास र निरपेक्ष संरक्षणको विधिबाट समाधान सम्भव हुँदैन। वातावरण संरक्षण, जैविक विविधताको सुरक्षा, पारिस्थितिकीय प्रणालीको सन्तुलन मानव जीवनका लागि अपरिहार्य छ। निकुञ्ज जोगाएर मात्र यो बच्न सक्छ। निकुञ्जको संवेदनशीलतालाई केन्द्रमा राखी मध्यवर्ती क्षेत्रमा विकास र संरक्षणको सन्तुलित नीति अवलम्बन गरि राष्ट्रिय अर्थतन्त्रमा गुणात्मक फड्को हुन सक्ने खनिज पदार्थ निकुञ्ज बाहिरबाट सङ्कलन गर्नु कुनै विकल्प नभएका राष्ट्रिय गौरवका एकआद आयोजनाहरू सञ्चालन गर्न वातावरणीय प्रभाव मूल्याङ्कन इआइए स्वीकृत गराई वन र पारिस्थितिकीय प्रणालीमा कम क्षति हुने गरि मन्त्रिपरिषदबाट स्वीकृत गरि संघीय संसदको सम्बन्धित विषयगत समितिलाई जानकारी गराई सरकारी आयोजना मार्फत मात्र सञ्चालन गर्न सक्ने गरि विशेष कानुनी व्यवस्था गर्न यो प्रतिवेदनले सुझाएको छ। साथै २२ वटा नीतिगत सुधार तथा राष्ट्रिय निकुञ्ज वन्यजन्तु संरक्षण ऐनमा व्यवस्था गर्न यो प्रतिवेदनले सुझाएको छ।

सम्माननीय अध्यक्ष महोदय मार्फत यो प्रतिवेदन अनुसार राष्ट्रिय निकुञ्ज ऐन, २०२९ लाई संशोधन गर्न विधेयक ल्याउनको लागि सरकारको ध्यानाकर्षण गर्छु र यो सभाले यो प्रतिवेदन पारित गरोस् भन्ने  भन्न चाहन्छु। धन्यवाद। अभिवादन।

(१५:३३ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू राष्ट्रिय निकुञ्ज सँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब माननीय वन तथा वातावरण मन्त्री माधव प्रसाद चौलागाईलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:३४ बजे) **माननीय वन तथा वातावरण मन्त्री श्री माधव प्रसाद चौलागाई:-** सम्माननीय अध्यक्षज्यू, यो राष्ट्रिय सभाको १९औं अधिवेशनमा यो सार्वजनिक नीति र प्रत्यायोजित विधान समितिले तयार पार्नुभएको यो एकदमै महत्वपूर्ण प्रतिवेदन उपर आज उठेको छलफलमा नेपाल सरकारको तर्फबाट वन तथा वातावरण मन्त्रालय हेर्ने मन्त्रीको हैसियतले म यहाँहरूसँग आफ्नो कुराहरू राख्न पाउँदा मलाई खुसी लागेको छ र यो मेहनतपूर्ण कार्यको लागि जसरी यो प्रतिवेदन आएको छ र मैले माननीय सदस्यहरू मार्फत यो यस प्रतिको प्रतिक्रिया, रायहरू पनि सुन्न अवसर पाए। र यो मेहनत यो अत्यन्त मेहनत गरेर यो जुन कुरा उपलब्ध गराइदिनु भएको छ माननीय सदस्यज्यूहरूलाई सम्माननीय अध्यक्षज्यू मार्फत म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु।

यो एक प्रकारले ऐतिहासिक कार्य पनि भएको रहेछ कि यो समितिले जसरी नीति निर्माणको लागि यो पहिलो कदमको रूपमा यो जुन संरक्षण र विकासको क्षेत्रमा यो अत्यन्त आवश्यक विषयमा यो अध्ययन गर्नु भएको छ र त्यो अध्ययनले जुन कुराहरू यहाँ सिफारिस आएको छ। त्यो सिफारिस र यहाँ उठेका जिज्ञासाहरू हाम्रो देशको यो विकास र संरक्षणको सन्तुलनको लागि अत्यन्त अपरिहार्य छन् र यसलाई सुधार गर्नलाई महत्वपूर्ण योगदान दिने छ भन्ने मलाई लागेको छ। म यहाँ उठेका केही विषयहरूलाई तत्काल सम्बोधन गर्नुपर्दा यो अध्ययनको क्रममा जुन संरक्षण क्षेत्रहरू, निकुञ्ज क्षेत्रहरूको स्थलगत अवलोकन र अन्तरक्रियात्मक छलफलहरू भयो। त्यो सिलसिलामा वन तथा वातावरण मन्त्रालयका र त्योसँग सम्बन्धित कर्मचारी, विज्ञहरूले पनि आफ्ना कुराहरू, आफ्ना समस्याहरू प्रस्तुत गर्नुभएको छ र त्यसबाट जुन ढङ्गले यो कुराहरू समेटेका छन्, त्यो यो मन्त्रालयमा हामी आइराख्दाखेरि त्यो सिलसिलामा जुन सुधारका कुराहरू विशेष गरेर अहिलेको वर्तमान परिस्थितिमा देशले खोजिरहेको गुड गभर्नेन्स "सुशासनको" कुराहरू र सेवालाई सुचारु गर्नको लागि जुन तीव्र गर्नको लागि यो सर्भिस डेलिभरीलाई एक्सपर्टाइट गर्नको लागि जुन तयारीहरू हामी आन्तरिक रूपमा गरिरहेका थियौं, त्यो कुराले यहाँ उठेका महत्वपूर्ण विषयहरूलाई सम्बोधन गर्छ र यसले दिशा निर्देशन पनि गरिरहेको छ।

यहाँ उठिरहेका कुराहरू मध्ये केही नीतिगत कुराहरू यहाँ ६ वटा विभिन्न पक्षहरूमा यहाँ सुझावहरू आएको छ र यो कुराहरू आएका छन्। विशेष गरेर सबैको चासो यो नीतिगत सुधारहरू भएर हाम्रा विकास निर्माणका र हाम्रा संरक्षणका कुराहरूलाई सहजै अगाडी बढ्न सजिलो होस् भन्नु भएको छ। एउटा यहाँहरूसँग जानकारी गर्दा हामी यो अहिले जुन सरकार छ यो सरकार आइसकेपछि मात्रै पनि वन नियमावलीको तेस्रो संशोधन भएको छ। त्यसले त्यो जानकारी गराउन चाहन्छु। त्यो संशोधन राजपत्रमा पनि आइसकेको छ र त्यसले सम्भवतः अहिलेसम्मको निकै प्रोग्रेसिभ सुधारहरू त्यसमा आएका छन्। त्यो भर्खरै भएको भएर यहाँहरू यो छलफलमा परिचर्चामा मान्छेहरूको कुरामा आउन बाँकी छ। तर जुन ढङ्गले आएको छ त्यो विगत देखि कति चरणमा आइरहेका सुझावहरू तिनिहरूलाई सम्बोधन गर्दै आएको छ। त्यसमा विशेष गरेर यो ढलापडा काठहरूको कुराहरू, त्यसको सहजीकरण गर्ने कुरा जुन उठेको थियो त्यसलाई सम्बोधन गरेको छ। त्यसलाई केही अग्रगामी भनौं न त्यसलाई सहजीकरण गर्नलाई त्यो आएको छ।

अर्को यहाँ कुरा आइरहेको यो जुन आइएइआइए सँग सम्बन्धित कुराहरू पनि जुन आएको छ, यो वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कुरा र त्यसले पार्ने अप्ठ्यारोका कुरा अहिले आइरहेको छ। श्रद्धेय यो संरक्षण मुखी जुन हाम्रो नीतिहरू थिए त्यसले दीर्घकालीन रूपमा  यो हाम्रो यो पारिस्थितिकीय प्रणाली “इकोसिस्टमलाई” मेन्टेन गर्छ। त्यो निकै महत्वपूर्ण छ भनेर सबै सदस्यहरू माननीय सदस्यहरूले पनि यो स्वीकार गरिराख्नु भएको छ, भनि राख्नुभएको छ। त्यो आम मान्छेहरूको पनि बुझाइ रहेको छ। कहिलेकाहीँ हामी यस्तो लाग्छ कि यो चीजले हाम्रा विकासका आकाङ्क्षाहरूलाई पछाडी धकेलिरहेको छ भनेर। तर यथार्थमा त्यो देखिँदैन। जसरी यसलाई सुधार गर्दै गयो भने त्यहाँ निकासहरू निकाल्न सकिने ठाउँहरू छन्। कहिलेकाहीँ केही विषयहरू अतिरञ्जित भएर आउने भएको भएर त्यसको यथेष्ट रूपमा त्यसले बाटै छेकिएको छ कि भन्ने जस्तो अवस्था हुने रहेछ। तर केही-केही कुराहरू हाम्रो प्रोसेसलाई एकदम डिले गरिराख्ने होइन, दोहोरी कामहरू गरिराख्ने, त्यस्ता अवस्थाहरू रहेछन्। अहिलेको केही वन नियमावली संशोधनमा पनि ती कुराहरूलाई सहज गरेका छन्। जस्तो उदाहरणको लागि हामीले यो जुन भू उपयोगको लागि यो ल्यान्ड अक्यूजिसन गर्नको लागि पनि क्याबिनेटबाट डिसिजन गर्नु पर्थ्यो। इआइए अप्रुभल पनि क्याबिनेट डिसिजन गर्नुपर्ने र रुख काट्नुपर्ने जुन अधिकार प्राप्त क्षेत्र भित्र गर्नुपर्ने पनि लिनुपर्ने। यो झमेलाहरूले कतिपय व्यवसायी अथवा कतिपय उद्यमी कतिपय सरकारका अरू अङ्गहरू विकासका मन्त्रालय, विकाससँग जोडिएका व्यक्तित्वहरूले होइन यसले धेरै हामीलाई डिले गरिरहेको छ भन्ने कुरा आएको थियो। अब त्यी

कुराहरूलाई पनि सहजीकरण गर्ने गरेर यो सुधारहरू भएका छन्। र यो सुधारहरू अवश्य पनि पर्याप्त छैनन् र यो भविष्यमा यसमा काम गर्दै जानुपर्ने छ। जस्तो अब अहिले हामीले नियमावलीको तहमा अहिलेको मन्त्रिपरिषदबाट सहज गर्ने कामहरू सम्म हामीले गरेका छौं र भविष्यमा आउने सरकारले हजुरहरूले दिनुभएको यो यहाँ आएको ऐन सम्म ऐनलाई संशोधन गर्ने कुराहरू अगाडि बढाउनु हुन्छ। र त्यो बारेमा पर्याप्त हामीले होमवर्कहरू पनि गरिरहेका छौं।

त्यस्तै गरी यो संरक्षण क्षेत्रहरू पनि विभिन्न प्रकारका छन् नेपालमा, यो जुन उल्लेख पनि भइराखेको छ। त्यो संरक्षण क्षेत्र भित्र मध्यवर्ती क्षेत्रको कुरा होस्, जुन बफर जोनसँग रिलेटेड यो नीति, नियमहरूलाई पनि अलि सहज गरिएको छ। राष्ट्रिय निकुञ्ज अलि बढी कन्ट्रोल एरिया हो। त्यसको नियमावली संशोधनको प्रक्रिया सुझावहरू सङ्कलन भइरहेको छ। त्यो सिलसिलामा अहिले यो रिपोर्टले दिएको कुराले निकै सहज बनाउने छ भन्ने हामीलाई लाग्छ। त्यो गर्छ होला। अब यो हुमन वाइल्ड लाइफ कन्फ्लिक्टको कुरा जुन संरक्षण क्षेत्रको आसपासमा भएका जनताहरूले भोगी राख्नु भएको छ। त्यो हामी यो सरकारमा आइसकेको छोटो अवधिमा पनि त्यो निकै महसुस गरिराखेका छौं कि जनताले गुनासोहरू आइरहेका छन्। हाम्रै मन्त्रालय अन्तर्गत हामीले अलिकति हाइ लेभल एक्सपर्ट र त्यहाँ त्यो सरोकारवालाहरू सँग बसेर विशेष बैठकहरू गर्दै विभिन्न त्यो ठाउँहरूमा यसको सुधारको लागि के गर्न सकिन्छ तत्काल र दीर्घकालीन रूपमा भन्ने कुराहरू घनीभूत तरिकाले काम गरिराखेका छौं। त्यो सिलसिलामा यहाँ उठेका कुराहरू यहाँ निकै राम्रो सँग यी कुराहरू उठाएको छ। जस्तो तत्काल राहत दिने कुराहरू, त्यसलाई सहजीकरण गर्ने कुराहरू, जनताले तत्कालै त्यो पाउन भन्ने कुरा, त्यसलाई बिमासँग जोडिएका कुराहरू र अरू सुरक्षा तारबार देखि लिएर सचेतनका कुराहरू जुन ढङ्गले उठेको छ। यसमा सरकारको तर्फबाट हाम्रो मन्त्रालयले काम गरिरहेका छौं।

अहिले हामीले काम गरिराख्दा हाम्रो विभागको डिजी पनि यही विषयमा यो वाइल्डलाइफ क्राइम कन्ट्रोलसँग रिलेटेड विषयहरूको लागि फिल्डमा हामीले पठाएका पनि छौं। हामीले यो जुन बाघ र हात्तीसँग जोडिएका, चितुवासँग जोडिएका घटना दिनदिनै जस्तो आए नि कहिलेकाहीं हप्ता हप्तामा आइराख्ने कुरा छ। त्यसलाई नियन्त्रण गर्नलाई अलिकति ठोस एक्सन टिम गरेर जाने अहिलेको लागि र्यापिड एक्सन टिमहरू बनाएका छौं। यो अहिले तत्काल गरिरहेका कुराहरू। दीर्घकालीन रूपमा केही चुनौतीहरू पनि रहेछन्। त्यो चुनौतीहरू अहिले मात्र सिर्जित भएका होइनन् त्यो पहिले देखीको केही प्राथमिकता नदिएको कारणले, लापरवाही भएको कारणले आएको हो। जस्तो उदाहरणको लागि मानव, वन्यजन्तु यो द्वन्दकव कारणले जुन त्यो ह्युमन क्याजुअल्टी "मान्छे मर्ने" कुरा हुन्छ, गाईवस्तुको

कुरा छ, त्यहाँ अरू अन्नबालीहरू छ। त्यसको लागि जुन राहत दिनुपर्ने थियो। हाम्रो बजेटमा ४ करोड जति मात्रै थियो तर आवश्यकता १५ करोड थियो। अनि त्यो निरन्तर रूपमा बजेटिङ गर्दाखेरि नै पहिले देखि नै एकदमै कमजोर भइरहेको अवस्था छ। अब त्यो सरकारले मात्र दिएर हुन्छ कि अथवा त्यसलाई बिमाको माध्यमबाट गर्नुपर्छ भनेर नेपालका बिमा कम्पनीहरूले कसरी यो कुरालाई लिन्छन्। कति कुन ..... पारेका छन् भन्ने कुरा पनि हामीले अध्ययनहरू गर्दैछौं र उनीहरूलाई त्यो टिमलाई बुझाएर यदि हामीले त्यो बिमाबाट सबै कभर गर्यौं भने त्यो सरकारले अहिले गरिरहेको यो थोरै पैसाले पनि कभर गर्छ। तर सबै सरकारले नै दिन थाल्यो भने त त्यो निरन्तर बढ्दो क्रममा छ र त्यो धान्न नसकिने अवस्था पनि हुन सक्छ कि भन्ने कुरा छ। यसमा अब विभिन्न तहको सरकारहरू भएको भएर त्यो आ-आफ्नो जिम्मेवारीमा पनि त्यसलाई कसरी सहजीकरण गर्ने भन्ने कुरामा पनि हामीले काम गरिरहेका छौं।

त्यस्तै अनि अब केही कुराहरू उठेका छन्। यो शुक्लाफाँटा देखि लिएर यो कोशी टापुको जुन यो पीडितहरू, उहाँहरूको त्यो जग्गासँग सम्बन्धित कुराहरू यो पनि आइराखेका छन्। यो पनि निरन्तर लामो समय सम्म आइसकेको कुरा छ। यसलाई हामी भएको बेलामा तत्काल यसलाई कसरी अगाडी बढाउने भन्ने कुरा छौं र दीर्घकालीन रूपमा यस्ता कुराहरू समाधान होस् भन्ने कुरामा हामी एकदमै सचेत छौं। यसमा हामी छलफल गरिरहेका छौं र हामी यो अवधि भित्र के कसरी गर्छौं भन्ने कुरा पनि यसमा काम गरिरहेका छौं। अब यो संरचनाहरू अब संयोग बस अहिले म वन तथा वातावरण मन्त्री छु र यो संरक्षणको ह्याट लगाएको मन्त्रालयबाट आएर सम्माननीय अध्यक्षज्यू यहाँ कुरा गरिरहेका छौं।

सँगसँगै म अहिले भौतिक पूर्वाधार र योजना मन्त्रालय यो यातायात मन्त्रालयको पनि जिम्मेवारीमा छु। त्यो विकासको हो र विकास र संरक्षण यो दुइटा कुराको नै यहाँ आज चर्चा चलिरहेको छ। यो दुइटाको बीचको सन्तुलनलाई कसरी लिने भनेर हामीले हाइ लेभलको त्यहाँको अफिसियलहरूको बीचमा पहिलो चोटि नै हाइ लेभल र सेकेन्ड टियर सम्मको सबै कर्मचारी जुन लीडरशिपमा भएको मान्छे दुइटै मन्त्रालयको बसेर त्यी समस्याहरू विगत देखि के-के थिए? डर्मेन्ट स्टेजमा भएका योजनाहरू के थिए भनेको जुन कुरा उठाइयो त्यसपछि त्यतिकै चुप्प बसेका छन् र कुन अहिले तत्काल हामीलाई अप्ठ्यारो परिराखेको छ, त्यसलाई सहजीकरण गर्नलाई के गर्नुपर्छ भनेर हामीले छलफल गरेका थियौ। त्यसरी छलफल गर्दा जति बाहिर हामी मिडियामा सुन्छौ या बाहिर मान्छेहरूले कुरा, गुनासो सुनिरहेका छौं। त्यो तहको अप्ठ्यारो अवस्था होइन रहेछ। त्यो हामीसँग

छलफल गर्दै जाँदा कतिपय चीज त्यसको एडिक्वेट इभिडेन्सहरू नहुने, होइन अब प्रक्रिया छ। कानुन सम्मत प्रक्रियाहरू गर्दै जाँदाखेरि मान्छेले त्यसलाई स्किप गर्ने, त्यसलाई इनकम्प्लिट तरिकाले जाने, त्यै पनि हुनुपर्छ भनेर जुन जबरजस्ती गर्ने तरिकाहरूले मात्रै भएको रहेछ। नत्र भने सम्पूर्ण कुराहरू प्रक्रियाहरू पुगेको कुराहरू रोक्ने नियतवश कसैले पनि रोक्दैन र विशेष गरेर सरकारी आयोजनाहरूमा त उच्च प्राथमिकताका साथ यसलाई अगाडी लिनुपर्छ भन्ने कुराको हाम्रो छलफल पनि भएको छ। र सरकारले केही तत्काल सहजीकरणहरू पनि गरेको अवस्थाहरू यहाँहरूलाई जानकारी गराउन चाहन्छु कि राष्ट्रिय प्राथमिकता प्राप्तहरू राष्ट्रिय गौरवका आयोजनाहरूलाई सहज गर्ने, त्यसको लागि निकास खोल्नको लागि पनि यो भर्खरै निकै कामहरू पनि भएर अगाडी बढेको छ र त्यसको एउटा दीर्घकालीन सहज हुनेछ भन्ने हामीलाई त्यो सन्देश पनि दिन चाहन्छौ।

अब केही माननीय सदस्यहरूले उठाउनु भएको यो बाघ खेती गरिरहेका छौं भन्ने कुरा यसमा अलिकति यो निकै संवेदनशील क्षेत्र हो, यो विषय हो। यसले अवश्य पनि यसले मान्छे र वन्यजन्तुको सम्बन्ध त इतिहास अनन्तकाल देखि छ, जति खेर मान्छे थियो र वन जङ्गल थियो। उनीहरूको बीचको अन्योन्याश्रित सम्बन्धलाई अब कसरी बढाउनु पर्छ भन्ने छ। अहिले नै बाघको सङ्ख्या चाहिने भन्दा बढी भइरहेको छ कि अथवा कम छ कि भन्ने कुरा भनि हाल्न सकिने अवस्था छैन। यो भन्दा अगाडिका तथ्याङ्कहरू छन्, दुई वर्ष अगाडिको र यो वर्ष मात्रै एक महिना अगाडि हामीले नयाँ "टाइगर सेन्सस" बाघ सेन्ससको कुरा सुरु गरेका छौं। त्यो अहिले भइनै पनि रहेको छ र आउने जुन महिनामा यसको रिजल्ट आउँछ। त्यसले देखाउँछ कि साँच्चै हामीले धान्न सक्ने भन्दा बाघ नै बढी गएको हो कि अथवा त्यो नियन्त्रणको क्षेत्र भित्रै छ भनेर। सम्भवतः नियन्त्रण हाम्रो आफूलाई आवश्यकता पर्ने हाम्रो आफ्नो भूगोल जति छ, त्यहाँ आहारा जति हुन्छ, क्षेत्र जति छ त्यो भित्र अट्न सक्ने, स्वाभाविक रूपमा बस्न सक्ने सङ्ख्यामा छ छैन भन्ने थाहा हुन्छ। तर त्यो हुँदै गर्दा केही हाम्रा संरक्षण क्षेत्रहरू, राष्ट्रिय निकुञ्जहरूको समस्याहरू पनि छ। जस्तो कि हाम्रा पानीका स्रोतहरू सुक्दै गइरहेका छन्। त्यसले गर्दा उनीहरूको विचरण मानव बस्ती सम्म गइरहेको अवस्था पनि छ। र सँगसँगै अब मान्छेहरू पनि जसरी गाईवस्तुहरू चलाउने कुराहरू हुन्थ्यो, अनेक ढङ्गले त्यहाँ बस्थ्यो। अब अहिले मान्छेहरूको त्यो क्षेत्रबाट बाहिर गइसकेपछि मान्छे मात्रै भइ राख्दाखेरि पनि यस्ता खाले यो विभिन्न क्षेत्रहरूमा यो अलिकति हाम्रो हामीले एक्सपर्ट टिमहरूलाई राखेर पनि हामीले सोचेको भन्दा फरक तरिकाले कसरी जान सक्छौ भनेर कुरा गरिरहेका छौं। यसो भन्दै गर्दा मैले यो प्रकृति रूपमा यो हाम्रो पारिस्थितिक प्रणालीको लागि सबैको उपस्थिति र संरक्षण आवश्यक छ। तर अहिले नै हामी त्यो भन्न सक्ने

अवस्थामा छैनौं कि हामी धेरै भएको भएर यस्तो भएको हो। सायद अरू व्यवस्थापनका कुराहरू नमिलेर पनि हुन सक्छ र मान्छेको तर्फबाट सचेतनाको कुरा पनि उत्तिकै आउने छ भन्ने कुरा यहाँहरूलाई भन्न चाहन्छु।

सँगसँगै अब यो कार्बन व्यापारसँग सम्बन्धित कुराहरू पनि उठाउनु भएको थियो यहाँहरूले, माननीय सदस्यज्यूहरूले। हामीले नेपालमा पहिलो चोटि हामीले कार्बन व्यापार सम्भव गऱ्यौ। त्यो पनि विगतमा भएका कुराहरूलाई २०१७ देखि २०२२ सम्म भएको कार्बन उत्सर्जनको एउटा भागको कुरालाई मात्रै हामीले त्यो ट्रेडको सबै मेकानिजमहरू सकेर पहिलो चोटि कार्बनको पैसा ठूलो सङ्ख्यामा भनम न हामीले गर्न सकेका थियौ, रिसेन्टली मात्रै। र त्यसले के देखाउँछ भने नेपाल त्यो एजमा, त्यो स्टेजमा पुगेको छ र यी संरक्षण क्षेत्रहरू अहिले २३ प्रतिशत छ र बाइ २०३०, ३० प्रतिशत बनाउनु पर्छ भन्ने एउटा वर्ल्डवाइज एउटा स्टेज पनि छ, के भन्छ यो सूचक। र हामीसँग अझै ७ प्रतिशतले कम पनि छ। यसो हेर्दा संरक्षण क्षेत्र धेरै भयो कि भन्ने छ तर नेपालको ल्याण्ड जुन तरिकाको ल्याण्ड छ, त्यो हिसाबले हेऱ्यो भने संरक्षण क्षेत्र अझै बढाउन सकिने ठाउँहरू छ, बढाउनु पर्छ भन्ने पनि छ मान्यता। त्यो गर्दा त के फाइदा हुँदो रहेछ भन्दा अघि यो क्लाइमेट चेन्जको कुरा आएको थियो। जुन यो टेम्प्रेचर राइजिङ्गको कुरा आइ रहेको थियो। अब जहाँ-जहाँ कन्जर्भेसन एरियाहरू छन्, तिनिहरूको नेट टेम्प्रेचर एभरेज टेम्प्रेचर अन्य ठाउँको भन्दा कम हुन्छ भनेपछि हामीले ग्लोबल जुन अहिले समस्या छ, त्यो समस्यालाई न्यूनीकरण गर्नलाई त्यस्ता क्षेत्रहरूले निकै ठुलो योगदान गर्दा रहेछन्। त्यो कुरा अब साइन्टिफिकल्ली प्रुभन कुरा भयो।

अहिले पनि हेर्नुभयो भने जस्तो सबैभन्दा कम कन्जर्भेसन एरिया भएको एरिया भनेको कर्णाली क्षेत्र हो। तपाईले त्यहाँ हेर्नुभयो भने त्यसको टेम्प्रेचर राइजिङ्ग हुने दर र अनि तराईमा गर्मी हुन्छ तर जुन नेट इन्क्रिज हुने संरक्षण क्षेत्र भित्रको कम छ। त्यस हिसाबले के हुन्छ भने हामीलाई संरक्षण क्षेत्र चाहिन्छ। भविष्यको लागि झन् धेरै चाहिन्छ। त्यसको लागि अहिले देखि नै कुरा गर्नुपर्ने हुन्छ। त्यही भएर जो-जो संरक्षणको लागि एकदमै सोच्नुहुन्छ उहाँहरू वास्तवमा धन्यवादका पात्र हुनुहुन्छ। कि उहाँहरुले लामो समय अहिले पनि नेपालमा म यो मन्त्रालयमा आइसकेपछि मेरो मन्त्रालय अन्तर्गतका जुन संरक्षण प्रेमी नेतृत्व छन्, उहाँहरू हेर्दा कहिलेकाहीँ एकदम कठिन विकासका विरोधी जस्ता देखिदा रहेछन् तर उनीहरूले भविष्यको लागि त्यसलाई जोगाएर राखिदिएका रहेछन्। तर त्यो भन्दै गर्दाखेरि त्यसैमा अड्किनु त हुँदैन। त्यसलाई सहज गर्नको लागि अहिले हामीले गरिरहेको जुन सुधारका उपायहरू त्यसै सँग जोडेर भन्न खोजिरहेको छु। यति भन्दै यो आएको यो जुन रिपोर्ट छ, यो

रिपोर्ट हामीले हाम्रो टिमसँग पनि कुराकानी गरेर यो मन्त्रालय भित्र पनि हामी अहिलेको यो विशिष्ट परिस्थितिमा जुन यो जिम्मेवारीमा आएका छौं। यो जिम्मेवारी भनेकै भविष्यको लागि, सुशासनको लागि, सहजीकरणको लागि बाटो कोर्नको लागि पनि भएको भएर हामी जाँदै गर्दाखेरि हामीले यो काम सम्पन्न गरेर जाँदै गर्दाखेरि पनि यो भविष्यमा यसमा भएका तत्काल सम्बोधन गर्ने कुराहरूलाई सम्बोधन गर्दै र भविष्यको लागि  सुझाव दिनलाई यसरी गर्यो भने अझ राम्रो हुन्छ भन्ने जुन हामीले खाका बनाउँदै छम, त्यसको लागि यो निकै ठूलो मार्गदर्शन हुने भएको भएर योसँग जोडिएर यसको सभापतिज्यू, यो उपसमितिका सदस्यज्यूहरू जो जसले यसलाई अगाडि बढाइ दिनुभयो। यसको लागि पुनः हार्दिक धन्यवाद दिन चाहन्छु सम्माननीय अध्यक्षज्यू मार्फत।

र अन्तमा केही कुराहरू अब अहिलेको यो सरकारको प्रसङ्गमा छ। विशेष गरेर हामी चुनाव समयमै हुने र यो राम्रो सँग सम्पन्न गरेर अनि यसलाई ऐतिहासिक जिम्मेवारी अब आउने सरकारलाई हस्तान्तरण गरेर जाने उद्देश्य सहित भएको भएर त्यसमा अरू कुनै दुबिधाहरू छैन। हामीले गर्ने काम त्यो सम्पन्न होस्, सुरक्षा प्रत्याभूति होस्, साधन स्रोत त्यसको लागि पर्याप्त होस् भन्ने कुरा आफ्नो तर्फबाट आफ्नो जिम्मेवारीबाट हामी काम गर्छौं। र सँगसँगै त्यो गरी राख्दाखेरि जुन आकाङ्क्षा छ अहिलेको युवा पुस्ताको। अहिलेको नेपाली जनताको र सम्पूर्ण नेपाली जनको, परिवर्तन चाहनेहरूको। त्यो भनेको सुशासन कायम होस्। त्यो सुशासन हामीले आफ्नै जिम्मेवारी पाएको मन्त्रालय, विभागहरूमा कसरी अगाडी बढाउनु पर्छ भन्ने कुरामा दत्तचित्त छौं भन्ने कुरा सम्माननीय अध्यक्षज्यू मार्फत सम्पूर्ण सभा सदस्यज्यूहरूलाई जानकारी दिन चाहन्छु र त्यो प्रतिबद्धता पनि सेयर गर्न चाहँदै सरकार यो रिपोर्ट यो एउटा असल अभ्यास पनि हो। यो असल अभ्यास के हो भने नीतिगत सुधारहरू गर्नको लागि जनताका प्रतिनिधिहरूको तर्फबाट आएको कुरालाई सरकारले यो लागू गर्नलाई हामी प्रतिबद्ध छौं भन्ने यो आफ्नो विचार पनि राख्न चाहन्छु र धन्यवाद भन्न चाहन्छु छ। धन्यवाद।

**(१५:५३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू राष्ट्रिय निकुञ्ज सँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन २०८२ माथिको छलफल यही समाप्त हुन्छ। माननीय सदस्यहरू, प्रतिवेदनका सम्बन्धमा माननीय सदस्यहरूले छलफलमा उठाएका विषयहरू र सो सम्बन्धमा माननीय मन्त्रीले ले जवाफका सिलसिलामा व्यक्त गर्नुभएका विचार समेतका आधारमा राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ मा समावेश भएका सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देश गर्दछु।

मानननीय सदस्यहरू नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम अब म सम्माननीय प्रधानमन्त्री एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री सुशीला कार्कीको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिल कुमार सिन्हालाई राष्ट्रिय सभामा विचाराधिन सामाजिक सञ्जाल विधेयक, २०८१ फिर्ता लियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

(१५:५४ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री अनिल कुमार सिन्हा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सामाजिक सञ्जाल विधेयक, २०८१ फिर्ता गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:५४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू अब उक्त प्रस्तावका सम्बन्धमा सामाजिक सञ्जाल विधेयक, २०८१ हाल राष्ट्रिय सभाको विधान व्यवस्थापन समितिमा विचाराधिन रहेकोले राष्ट्रिय सभा नियमावली को नियम ११६ को उपनियम (५) बमोजिम समितिलाई सो विधेयकका सम्बन्धमा प्रतिवेदन पेश गर्न निर्देशन दिन्छु।

माननीय सदस्यहरू अब सम्माननीय प्रधानमन्त्री एवम् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुशीला कार्कीको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिल कुमार सिन्हालाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गर्छु।

(१५:५६ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री अनिल कुमार सिन्हा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र संचालन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:५६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ माथि छलफल प्रारम्भ हुन्छ। छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु। उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम दुई मिनेट भित्र उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिनु हुने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु। माननीय सदस्य डा. बेदुराम भुसाल।

(१५:५८ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-** **सम्मा**ननीय अध्यक्ष महोदय, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ .....। हामीले यो काम गरिरहेको छौं। विधि विज्ञान प्रयोगशालाको काम भइरहेको छ तर ऐन छैन। ऐन बेगरै यो काम भइरहेको छ। ..... यसलाई ऐन बनाएर लेख्नु पर्ने हुन्छ। ..... प्रयोगशाला स्थापना र सञ्चालनका निम्ति ..... यसलाई यो सभाले हाम्रो विधायन व्यवस्थापन समितिमा पठाएको थियो र त्यहाँ यसका सन्दर्भमा सघन रूपमा छलफल भएर केही सुधार ..... समेत गरेर .....। यो छिटो भन्दा छिटो कानुनी रूपमा बनाएर जानु पर्ने अवस्था रहेको हुनाले .....। यसका सन्दर्भमा सरकारको पनि राम्रै योगदान रहेको थियो। त्यसो भएर यो प्रतिवेदनलाई पारित गरेर अगाडी बढाउनका निम्ति हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

(१५:५९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुमित्रा वि.सी.।

(१५:५९ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने जुन प्रस्ताव प्रस्तुत भएको छ। हामीले यो राष्ट्रिय सभामा उत्पत्ति भएर यो सदनबाट व्यापक छलफलको लागि विधायन समितिमा पठाइयोस् भनेर त्यहाँ विधायन समितिमा पनि हामीले एकदमै मसिनो गरेर यो विधेयकको आवश्यकता छ र यो विधेयकलाई व्यापक छलफलका साथ विधेयक पास गर्नुपर्छ भन्ने मान्यताका साथ विधायन समितिले छलफल गरेर आज यो सभामा छलफलका लागि पेश भएको छ। म यो विधेयकलाई सभा समक्ष पेश भएको विधेयकलाई म हार्दिक समर्थन गर्न चाहन्छु र जुन समस्याहरू थियो हामीलाई एउटा सामान्य घटना घट्यो भने त्यसको पोस्टमर्टम गर्नलाई पनि समस्या छ र जुन डीएनए पत्ता लगाउनका लागि जुन सुरक्षित ढङ्गले राख्नुपर्ने हुन्थ्यो त्यसको बारेमा पनि समस्या भएको कारणले यसको बारेमा एकदम प्राविधिक कुराहरू भए पनि यसलाई व्यवस्थित गर्न र जसको कारणले ले यो कतिपय पीडितहरू अन्यायमा पर्ने र पीडकहरू उम्किने एउटा स्थिति पनि हुने हुन्छ कुनै घटना गर्दाखेरि। त्यसकारणले यो विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन सम्बन्धित विधेयक अति आवश्यक भएको कारणले यो विधेयक ल्याइनुपर्छ र यहाँबाट यो पास हुनुपर्छ भन्ने मान्यता राख राख्दै आफ्नो भनाइ टुङ्ग्याउँछु। धन्यवाद।

(१६:०१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रुकमिणी कोइराला।

(१६:०२ बजे) **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अहिले हामी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गर्न गइरहेका छौं। यो स्वागत योग्य छ। जैविक वा निर्जीव वस्तु प्रमाण, कुनै लिखत माल सामान, भौतिक वस्तु तथा विद्युतीय सामग्री वा अनुसन्धान सँग सम्बन्धित राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा परीक्षणको लागि प्राप्त वस्तु वैज्ञानिक विधि र पद्धतिको प्रयोगद्वारा प्रमाणको सङ्कलन विश्लेषण तथा परीक्षण गरि जनताको न्याय सम्पादनका लागि सहयोग पुर्याउन विधि विज्ञानको सम्बन्ध विश्लेषण, अध्ययन सम्बन्धी अपराध अनुसन्धान तथा परीक्षण गर्ने प्रयोग प्रयोजनको

लागि राष्ट्रिय विधि विज्ञानको प्रयोगशालाको स्थापना र सञ्चालन गर्न अति आवश्यकता थियो। समाजमा भएका आकस्मिक घटनाहरू, डीएनए टेस्ट, डीएनएडी एक्ससी एक्सराइबो न्युक्लिक एसिड लगायत अन्य थुप्रै परीक्षण गरिन्छ र यसकारणले पनि यो अति नै जनताको निम्ति अति आवश्यक भएको विधेयक हो। त्यही भएको हुनाले यसलाई स्वागत र सम्मान फेरी पनि गर्न चाहन्छु र यो विधेयकलाई पास गर्दिनहुन अनुरोध पनि गर्न चाहन्छु। धन्यवाद।

(१६:०३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब म सम्माननीय प्रधानमन्त्री एवम् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुशीला कार्कीको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिल कुमार सिन्हालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१६:०४ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री अनिल कुमार सिन्हाः-** सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्तावको सम्बन्धमा माननीय सदस्यज्यूहरूले उठाउनु भएका प्रश्नहरूमा सबैको जिज्ञासा, सबैको आकाङ्क्षा भनेर भनेको यो अत्यन्त आवश्यक रूपमा नै रहेको र हामीहरूले आफ्ना अनुसन्धानहरूलाई र अनुसन्धान लगायत अन्य विभिन्न आयामहरूलाई पनि सम्बोधन गर्नको निमित्त यो ऐनको आवश्यकता रहेको भन्ने कुरा महसुस भएको हुनाले यस सम्बन्धमा अरू थप सरकारको तर्फबाट कुनै कुरा प्रस्तुत गर्नुपर्ने अवस्था देखिएन म यो विधेयक पारित गरियोस् भन्ने पुन अनुरोध गर्न चाहन्छु।

(१६:०५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफल यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २३ सम्म उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य “हुन्छ” भन्नुहोस्।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्य “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २३ उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्य अब राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २३ सम्म उल्लेखित संशोधनहरू राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना सञ्चालन विधेयक, २०८१ को अङ्ग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने मान्य सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने मान्य सदस्यहरूले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य “हुन्छ” भन्नुहोस्।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्य “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २३ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब विधेयकको दफा २ देखि ३३ सम्म राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना सञ्चालन विधेयक, २०८१ को अङ्ग बनोस् भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ३३ सर्वसम्मतिले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु। माननीय सदस्यहरू अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

**प्रस्तावनाः** वैज्ञानिक विधि र पद्धतिको प्रयोगद्वारा प्रमाणको सङ्कलन, विश्लेषण तथा परीक्षण गरि कसुरको अनुसन्धान तथा न्याय सम्पादनमा सहयोग पुऱ्याउन र विधि विज्ञान सम्बन्धी अध्ययन अनुसन्धान तथा परीक्षणलाई प्रभावकारी, विश्वसनीय र विशिष्टकृत बनाउन राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन ऐन, २०८२ रहेको छ।
२. यो ऐन प्रमाणीकरण भएको मिति ले ३१औ दिनदेखि प्रारम्भ हुनेछ।

माननीय सदस्यहरू अब विधेयकको प्रस्तावना र नाम राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ को अङ्ग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको को विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

मानननीय सदस्यहरू अब सम्माननीय प्रधानमन्त्री एवम् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुशीला कार्कीको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिल कुमार सिन्हालाई राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँदछु।

(१६:१० बजे) **<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री अनिल कुमार सिन्हा</u>:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१६:१० बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्ताव को विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल माघ २६ गते सोमवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरि यो बैठक यही स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल माघ २६ गते सोमवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरि यो बैठक यही स्थगित भयो।)

**स्थगितः १६:११ बजे।**